# आदिगायक सेतुराम

(जीवनी)

नई प्रकाशन

नई प्रकाशन

२०५२



संवत् १९६५ सालमा पहिलोचोटि नेपाली गीत रेकर्ड भएको थियो । त्यसरी नेपाली भाषामा पहिलो स्वर रेकर्ड गर्ने सेतुराम प्रथम नेपाली हुन् । नरेन्द्रराज प्रसाईले आदिगायक सेतुरामको जीवनी लेखेर प्रशंसनीय काम गरेका छन् । सेतुरामको प्रस्तुत जीवनी नेपाली सङ्गीतक्षेत्रका लागि नै महत्त्वपूर्ण दस्तावेज भएको छ ।

• सुवि शाह

# आदिगायक सेतुराम

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
मुद्रणसंशोधक : कुमारधर शर्मा 'ज्ञानी'
आवरणचित्र : केके कर्माचार्य
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
नइ कृतिमाला : ४२
मोल : पच्चीस रुपियाँ
प्रथम संस्करण : २०६० साल
अनलाइन संस्करण : २०८१ साल (2025)
© सुरक्षित, २०६० साल

ISBN : 978-9937-786-19-5
A Biography of Setu Ram Pradhan by Narendra Raj Prasai



मेरा पूज्य बुबा
स्वर्गीय जयप्रसाद प्रसाईका
स्मृतिमा समर्पित

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ प्रकाशन'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । यो संस्था केवल 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ ।

नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गरी तिनीहरूको अर्चना गर्न नइ प्रकाशन सदैव अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगोअङ्कित दस रुपियाँको दस लाख प्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजार प्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ । सो सिक्का पनि बेलायतबाट आयत गरिएको क्युप्रोनिकेल धातुबाटै मुद्रण भएको हो ।

नइ प्रकाशन नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

नेपाली गीतसङ्गीत रेकर्डिङ गराउने काम ऊन्नैऊन्नै काल्पनिक जस्तो रहेको अनकन्टार समयमा नेपालीभाषामा पहिलो पटक गीत रेकर्डिङ गराउने काम भयो । यसकारण उनी प्रथम नेपाली गायकका रूपमा चिरस्मरणीय हुन सके । वास्तवमा नेपाल र नेपालीलाई एक सुत्रमा बाँध्ने बलियो धागोको काम गर्न र नेपालीभाषालाई लोकप्रिय बनाउनमा पनि सेतुराम प्रधानद्वारा त्यसवेला रेकर्डिङ गरिएका गीतहरूको महत्त्वपूर्ण योगदान छ ।

सेतुराम प्रधान भन्नु हामी नेपाली जातिकै लागि एउटा गौरवका गाथा हुन् र उनको गाथा गान गर्नु नेपाली जातिकै कर्तव्य पनि हो । यसै परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईद्वारा नेपाली सङ्गीतका शिखरमार्फत आदिगायक सेतुरामलाई प्रस्तुत गरिएको थियो । तर आदिगायकको एउटा छुट्टै गरिमा, महिमा र अस्तित्वलाई ध्यानमा राखेर आदिगायक सेतुरामलाई यस रूपमा प्रस्तुत गरिएको छ ।

**आदिगायक सेतुराम**नामक कृतिलाई अनलाइनबाट पनि प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची

१० : भूमिका : पहिलो संस्करण
१७ : भूमिका : अनलाइन संस्करण
१९ : सेतुरामको बाल्यकाल
२२ : सेतुरामको गायनयात्रा
२७ : सेतुरामको राणादरबारमा प्रवेश
३० : सेतुरामको परिवार
३७ : सेतुरामको व्यवसाय
४१ : सेतुरामका गीतहरूको सूची
४३ : सेतुरामद्वारा गाइएका केही नेपाली गीत
५७ : सेतुरामद्वारा गाइएका दुई नेवारी गीत
६० : सेतुरामको चोला समाप्त

# आदिगायक सेतुराम

एउटा सङ्गीतको पारखीलाई कुनै अर्को सङ्गीतको एउटा उत्कृष्ट गजुर स्रष्टाको स्वर सुनाइदियो भने त्यस वेला उसलाई कस्तो अनुभूति हुन्छ ? त्यसै गरेर एउटा गीतकारका लागि अर्को ऐतिहासिक सङ्गीतकार अथवा गायकको कति महत्त्वपूर्ण भूमिका हुन्छ ? अनि राष्ट्रिय सांस्कृतिक जागरणमा एउटा पुरानोभन्दा पुरानो अर्थात् ऐतिहासिक सङ्गीतकर्मीको भूमिकाबाट कुनै पनि मान्छेलाई कस्तो प्रभाव पर्छ ? हो, यी सबै कुरा मैले आफ्नो तरिकाले आत्मसात् गरेँ । अनि त यी सबै बेहोराको सिल उन्दै जाँदा आज मैले पनि आफूलाई आदिगायक तथा सङ्गीतकार सेतुरामका छेउछाउ पुऱ्याएको हुँ ।

**आदिगायक सेतुराम**नामक यो कृति सेतुरामप्रतिको मेरो भक्तिभावनाको प्रतिबिम्ब हो । यो कृति आकार, प्रकार र ढर्राभन्दा अलग्गै चिनारी भएर उभिएको छ । त्यति ठूला सेतुरामको विषयमा यति सानो कृति प्रकाशमा आउँदा पनि मलाई गर्व लागेको छ । किनभने सेतुरामको नालीबेली झन्डैझन्नै हराउनहराउन नै आँटिसकेको थियो । उनको स्वराङ्कनदेखि बाहेक उनको जीवनकथा त्यति पर्याप्त नै थिएन । त्यो स्वराङ्कन पनि धमिलिने क्रम जारी छ । अथवा भनौँ– ग्रामोफोनको चक्का पुरानो भएका कारणले उनको स्वर स्पष्ट सुन्नै पनि अप्ठ्यारो छ । त्यसैले यी ऐतिहासिक पुरुषको जीवनीका अंशहरू जनसमक्ष पुगोस् भन्ने मेरो हृदयान्तरको चाहना

भयो । त्यस चाहनाले डोऱ्याउँदा म सेतुरामको व्यक्तित्व पछ्याउनतिर लागेँ । म उनका छोरीहरू मिठाईदेवी राजभण्डारी र नारायणदेवी श्रेष्ठसँग सम्पर्कमा नआएको भए यहाँ प्रस्तुत तथ्यका कुनैकुनै अक्षर त भोलि भेट्टाउनै नसकिने स्थितिमा पुग्दा हुन् ।

आदिगायक तथा सङ्गीतकार सेतुरामको विषयमा मैले केही वर्षअगावै फिचर लेखेको थिएँ, अथवा भनौँ– मैले प्रस्तुत कृति **आदिगायक सेतुराम** लेखेको थिएँ । त्यस पाण्डुलिपिलाई छोट्ट्याएर सेतुरामविषयक संक्षिप्त नालीबेली मैले **नेपाली सङ्गीतका शिखर**★मा प्रस्तुत गरेको छु । त्यहाँ मैले संवत् २००७ सालपूर्व जन्मेका सङ्गीतकर्मीहरूलाई प्रस्तुत गरेको छु । त्यस ग्रन्थमा मैले चवन्न जना गायक तथा सङ्गीतकारलाई समानुपातिक आधारमा प्रस्तुत गर्नुपर्दा सेतुरामलाई पनि अरूसरहको ठाउँ मात्र प्रदान गर्नुपऱ्यो । त्यस कृतिमा मैले सेतुरामको विषयमा जति थोरै लेखे पनि त्यस ग्रन्थको लागि चाहिँ त्यो आलेख थोरै मानिँदैनथ्यो । त्यति मात्र होइन, उक्त पुस्तकमा सेतुरामको तस्बिरसहित उनको जीवनपरिचय प्रस्तुत गर्दा नेपाली साङ्गीतिक आकाशमा एउटा गर्वकै अनुभूति भएको थियो । सेतुरामको विषयमा कलम चलाउँदा मलाई थप अर्को गर्व पनि लागेको छ– सेतुरामको तस्बिरसहितको आलेख सर्वप्रथम जनसमक्ष ल्याउने सौभाग्य मलाई नै मिल्यो ।

•

सेतुराम व्यापारी पनि थिए । यसरी व्यापारिक संस्कारमा हुर्केर पनि सङ्गीतप्रति आकर्षण रहनु उनको पारिवारिक विशेषता नै थियो । उनलाई त प्रकृतिले सङ्गीतप्रतिको विशेष लगन नै भरिदिएको थियो । मातृभाषा नेपालभाषा भएका सेतुरामले नेपाली भाषालाई अगाध श्रद्धाका साथ शिरमा राख्नु आफैमा महिमापूर्ण घटना थियो । नेपाल र नेपालीका लागि सेतुरामको गायनयात्रा अविस्मरणीय र गौरवशाली

★ **नेपाली सङ्गीतका शिखर** : नरेन्द्रराज प्रसाई, एकता प्रकाशन, २०५९ ।

सत्य कथा हो । त्यसैले पनि सम्पूर्ण नेपाली जगत्का लागि नै सेतुराम वन्दनीय, स्मरणीय र अनुकरणीय समेत बन्न पुगे ।

•

हाम्रो देशमा कुनै पनि विधा वा क्षेत्रका प्रतिभालाई प्रोत्साहित गर्न सक्रिय सहयोग गर्ने कुनै पनि प्रभावकारी राष्ट्रिय योजना र नीतिको निर्माण गर्ने परम्परा नभइदिनु राष्ट्रिय प्रतिभाको संरक्षण गर्ने क्षेत्रमा अभिशाप नै बन्न पुगेको छ । यस्ता योजनाहरू कार्यान्वित गर्न सके मात्र नेपाली समाज र राष्ट्रले राष्ट्रिय प्रतिभाहरूका अनुहार देखिरहन पाउनेछ, नत्र राष्ट्रिय प्रतिभाहरूमा धेरैजसो देखिन नपाउँदै वा देखिएर पनि उपेक्षाको सिकार बन्दै बिलाउनेछन् । यो नियति राष्ट्रको लागि उपयुक्त हुनेछैन ।

नेपाली सङ्गीतमा सेतुरामको योगदान जति थियो त्यो रूपरेखा जनमानसमा सदैव आइरहनु पनि पर्छ भन्ने मेरो मान्यता हो । किनभने इतिहास सेतुरामजस्ताकै लेखिन्छ । अर्थात् जो वीर छ उसको वीरताको शिलालेख लेखिन्छ । त्यसै क्रममा मैले सेतुरामको जीवनी जनसमक्ष प्रस्तुत गर्ने जमर्को गरेको थिएँ । त्यस वेला मभित्र **नेपाली सङ्गीतका शिखर** नै प्रस्तुत गर्ने अभिलाषा उदायो । त्यस ग्रन्थको प्रकाशनपछि मैले **आदिगायक सेतुराम**नामक प्रस्तुत कृति पनि जनसमक्ष ल्याउन रहर गरेँ । ढिलो प्रकाशनको लाभ उठाई यस कृतिमा मैले केही न केही थप परिमार्जन गर्न भने पाएँ !

जीवनीको कृति जति धेरै बेहोराको हुन सक्यो त्यति राम्रो हुन्थ्यो । तर मैले आफ्नो बुद्धिबर्गत, श्रम, सीप र साधनको जति परिचालन गरे तापनि अहिलेलाई मैले यस कृतिको रचना गर्दा यति सानो आकारमा नै बिट मार्नुपऱ्यो । यस कृतिभित्र सेतुरामविषयक जेजति सामग्री समेटिएका छन्, बेहोरा सङ्गृहीत भएका छन् र विवरण प्रस्तुत भएका छन् अहिलेलाई त्यतिमै सन्तोष मान्नुबाहेक

अरू विकल्प नै रहेन । पाठकद्वारा पनि यसको स्वागत नै हुने मैले अपेक्षा राखेको छु; किनभने हामीले पहिले बिरुवा नै हुर्काउनुपर्छ, त्यसपछि मात्र त्यस बिरुवाले आफ्नो ढङ्गबाट झाँगिने, फुल्ने र फल्ने मौका पाउनेछ ।

हो, सेतुराम पनि गीतहरूमा नै बाँचेका छन् । सेतुराम विविध भाषा र विधाका गीतहरूमा बाँचेका छन् । सेतुरामको जीवनकथाले नेपालिमात्रले यिनीजस्तै उदार बन्न जान्नु पनि पऱ्यो भन्ने पाठ पनि सिकाउँछ । नेपालीहरू सबै हातेमालो गरी अघि बढ्दा नै हाम्रा सबै विधाहरूको यथार्थ विकास हुन सक्छ र हामी सबै देशका लागि उपयोगी कुनै न कुनै महत्त्वपूर्ण योगदान दिन समर्थ हुनेछौँ । सेतुरामले यही सन्देश दिइरहेका छन् । त्यसैले नै उनी मरेर पनि यस माटोमा चिरञ्जीवी हुन पुगेका छन् । हो, आफ्ना अमर कर्मले चिरञ्जीवी भएकाहरू मरेर पनि अमर हुन्छन् ।

नेपाली साङ्गीतिक आकाशमा आधुनिक झ्याउरे र लोकभाकामा आधारित गीतको रेकर्डिङको आरम्भ संवत् १९६५ सालदेखि भएको मानिन्छ । नेपाली भाषामा सर्वप्रथम गीत रेकर्ड गर्ने साधक नै सेतुराम थिए । आदिगायक तथा सङ्गीतकार सेतुरामले कोलकातामा गएर ग्रामोफोनमा गीत रेकर्ड गरेपछि नै औपचारिक रूपमा नेपाली आधुनिक सङ्गीतको श्रीगणेश भएको मानिन्छ । उनले त्यसै वेला नै नेपालभाषाका गीतको पनि आफ्नै स्वरमा रेकर्ड गरेका थिए । साथै त्यसपछिका थुप्रै गायकहरूका नेपाली भाषाका गीतहरू पनि कोलकातामा नै रेकर्डिङ भएका थिए । सङ्गीतका अन्वेषक सुवि शाहबाट प्राप्त जानकारीअनुसार सेतुरामपछाडिका केही नेपाली र भारतीय गायकहरूद्वारा नेपाली भाषामा भजन, राष्ट्रिय गीत र झ्याउरे गीतहरू भारतको कोलकातामा रेकर्ड गरिएका थिए । त्यतिखेरका गायकगायिकाद्वारा गाइएका गीतको सङ्ख्या र मिति पनि सुवि शाहले काठमाडौँको पकनाजोल, कालधारास्थित आफ्नो

घरको अभिलेखमा राखेका छन् । साथै प्राय: ती सम्पूर्ण गीतका ग्रामोफोनका चक्का (केही चक्का त फुटेका पनि छन्) र क्यासेटहरू पनि सुवि शाहसँग संरक्षित रहेका छन् ।

सेतुराम भन्ने नाउँ हाम्रो साङ्गीतिक आकाशका नक्षत्र हो । त्यतिखेर सेतुरामले खनेको त्यही बाटो पहिल्याउँदै जाँदा नै हामी २००७ सालपछि अर्थात् रेडियो नेपालसँगसँगै उदाएका सङ्गीतका अर्का सर्वोच्च व्यक्तित्व नातिकाजीसम्म आइपुगेका छौँ । साथै त्यहाँबाट हाम्रो आधुनिक सङ्गीतयात्रा दीपक जङ्गमदेखि तानिँदै बुलु मुकारुङसम्म नै आइपुगेको छ । त्यसैले यो सबै इतिहास केलाउँदै जाने हो भने आजको साङ्गीतिक विकासको जग नै सेतुराम हो भनेर हामीले गर्व मान्नुपर्छ ।

•

आदिगायक सेतुरामको स्वरमा आबद्ध ग्रामोफोनको रेकर्डबाट मैले गीत सुन्न थालेपछि म पुन: मेरो पूर्वस्मृतिमा पुगेँ । वास्तवमा सेतुरामले गाएको 'ए आमा सानीमा' बोलको गीत मैले सर्वप्रथम मेरै बुबाको स्वरबाट नै सुनेको थिएँ । मेरा बुबा पनि गीत गाइरहने भएकाले म पनि सानामा गायक नै थिएँ । साथै साहित्यलेखनको सिलसिलामा जीवनीलेखनमा म मेरा बुबाबाटै आकृष्ट भएको बेहोरा मैले **नेपाली सङ्गीतका शिखर**नामक ग्रन्थको भूमिकामा पनि व्यक्त्याइसकेको छु । सङ्गीतप्रति मेरा बुबाको रुचि, झुकाव र समर्पणको मैले मेरो बाल्यकालमा अनुभूति ग्रहण गरेको थिएँ । त्यतिखेरको त्यसै सोचमा डुबेर मैले यो कृति मेरा पूज्य बुबा जयप्रसाद प्रसाईकै स्मृतिमा समर्पित गरेको छु ।

•

यस कृतिलाई प्रकाशनमा ल्याउन खोजअनुसन्धानका लागि आफू पनि सहयोग गर्ने र स्रोतको सम्बन्धित ठाउँ पुऱ्याई मन, वचन

र कर्मले सहयोग गर्ने सेतुराम प्रधानकी कान्छी छोरी कवयित्री नारायणदेवी श्रेष्ठ र सेतुराम प्रधानकी पुत्रबधू अर्थात् बद्रीप्रसाद प्रधानकी पत्नी बालकुमारी प्रधानप्रति म कृतार्थ छु । नारायणदेवी श्रेष्ठ र बालकुमारी प्रधानको आफ्नो बुबा र ससुराप्रतिको निष्ठा मैले गहिरो रूपमा अध्ययन गरेको छु । यो कृतिको प्रथम संस्करण मैले आफ्नै तालले छपाउन अर्थात् कुनै व्यापारिक र प्रकाशन प्रतिष्ठानबाटै प्रकाशन गराउन पनि चाहेको थिएँ । किनभने त्यसो भएमा यो कृति चारैतिर छरिन्थ्यो भन्ने मलाई लोभ पनि थियो । तर सेतुराम प्रधानकी पुत्रबधू बालकुमारी प्रधानले यस कृतिको प्रकाशनको सौजन्य प्रदान गर्ने हृदयान्तरको मनसाय राखेपछि मैले अन्त ढिम्कने पनि प्रश्नै उठेन । वास्तवमा आफ्ना ससुराप्रति सम्मान गर्न बालकुमारी प्रधानबाट पाठ सिक्नुपर्दो रहेछ भन्ने मलाई लाग्यो । साथै यस कृतिको लेखनका क्रममा सेतुरामका नाति  ईश्वर प्रधानको पनि पार्श्वभूमिका गाँसिएको बेहोरा व्यक्त्याउनु म मेरो कर्तव्य ठान्छु ।

•

सेतुरामको विषयमा लेख्तै जाँदा म सङ्गीतका अन्वेषक आदरणीय सुवि शाहसम्म पुगेँ । यस विषयमा मैले सङ्गीतका अन्वेषक शाहबाट पनि धेरै जानकारी प्राप्त गरेँ । त्यति मात्र होइन, सेतुरामद्वारा गाइएका र सङ्गीत भरिएका सबै गीतहरूका ग्रामोफोनका रेकर्डहरू पनि मैले शाहकै घरमा देखेको हुँ र गीतहरू पनि मैले शाहकै सौजन्यबाट सुन्न पाएको हुँ । शाहजस्ता सङ्गीतअन्वेषकको सद्भावनाले पनि मैले सेतुरामको नालीबेली सहज रूपमा प्रस्तुत गर्न सकेको हुँ ।

आदिगायक तथा सङ्गीतकार सेतुरामद्वारा गाइएका र सङ्गीत भरिएका गीतका सम्पूर्ण बोलहरू यसै कृतिमा राख्ने मेरो इच्छा थियो । तर ग्रामोफोनका रेकर्डमा भएका गीतहरूका शब्द नै प्रस्टसँग बुझिँदैनन् । यति हुँदाहुँदै पनि यस कृतिमा सेतुरामद्वारा गाइएका

नौवटा गीतहरूचाहिँ समाविष्ट गर्न म सफल भएँ । यी गीतहरूको रेकर्ड सुनेर प्रतिलिपि निकाल्न हामी(सुवि शाह र म)लाई धेरै दिन लागेको थियो । साँच्चै भन्ने हो भने इन्दिरा र मैले एउटा गीतको गेडा केलाएर प्रतिलिपि बनाउन एउटा सिङ्गो रात पनि बिताएका थियौँ ।

•

सेतुरामको जीवनयात्राको प्रसङ्ग जनसमक्ष ल्याउने मेरो चाहनालाई मेरी हृदयसम्राज्ञी इन्दिराको करबलले पनि साथ दियो । सेतुरामविषयक मेरो पाण्डुलिपि घरीघरी मेरा आँखाअघि इन्दिराले राखिदिनाले यस कृतिले एउटा सग्लो रूप लिन पाएको छ । सेतुरामको विषयमा चाख राख्ने सबैका चाहना जोडिँदै जाँदा नै **आदिगायक सेतुराम** जनसमक्ष आउन सकेको हो ।

२०६० मङ्सिर १५ गते

• नरेन्द्रराज प्रसाई

# मेरो थप कुरा

जीवनीसाहित्य लेख्तै जाँदा म ललितत्रिपुरसुन्दरीदेखि सेतुरामसम्म आइपुगेँ । यी दुवै व्यक्तित्व आआफ्ना क्षेत्रका प्रथम स्रष्टा हुँदै हुन् । १८८१ सालमा **राजधर्म** लेखेर नेपाली भाषासाहित्यमा ललितत्रिपुरसुन्दरी प्रथम नारीस्रष्टाका रूपमा स्थापित भइन् भने सेतुराम १९६५ सालमा गीत रेकर्डिङ गरेर प्रथम गायक तथा सङ्गीतकारमा अङ्कित भए ।

मलाई नेपाली सङ्गीतप्रति अत्यन्तै श्रद्धा छ । मैले आफ्नो जीवनको उनन्सत्तरी वर्षसम्मको हिउँद कटाइसकुन्जेल मेरो चेतनाले थाहा पाएदेखि नै विविध समयका पलहरूमा नेपाली सङ्गीत गुनगुनाउँदै आएको छु । यसरी नेपाली गीतसङ्गीतप्रति आत्मसात् हुन पाउनु पनि मेरा लागि गौरवकै विषय हो । त्यसो त हिन्दी गीतसङ्गीत पनि मेरा लागि मन पर्ने विषय नै हुन् । यति हुँदाहुँदै पनि मलाई त्यही सेतुरामदेखि ध्रुव केसीसम्म र त्यही मेलवादेवीदेखि लासमित राईसम्म आइपुग्न मन लाग्छ । वास्तवमा नातिकाजीको सङ्गीत, तारादेवी, बच्चुकैलाश, ध्रुव केसी, नारायणगोपाल र अरुणा लामाका स्वर मेरा प्रिय हुन् । यसै परिवेशको मेरो मनको एउटा अर्को सग्लो बिम्ब नै **आदिगायक सेतुराम** हो ।

**आदिगायक सेतुराम**नामक जीवनी कृतिको चारैतिरबाट प्रशंसा भएको बेहोराले म आह्लादित भएको छु । साथै त्रिभुवन

विश्वविद्यालय स्नातक तहको सङ्गीतविषयक सूचीमा पनि यो कृति समावेश भएको बेहोरा मेरा लागि सुखद विषय भएको छ ।

**आदिगायक सेतुराम**लाई दिलैबाट मन पराएर यसको संस्करणमा पाइला चाल्न सल्लाह दिने दिदीहरू शान्ता श्रेष्ठ र वीणा प्रधान अनि दाजु दीपक जङ्गमप्रति म अनुगृहीत छु ।

अन्त्यमा, त्रिभुवन विश्वविद्यालयको स्नातक तहअन्तर्गत सङ्गीतविषयक सन्दर्भपुस्तकको सूचीमा पनि यस कृतिलाई प्रवेश गराइएकोमा सम्बन्धित विज्ञहरूप्रति म अनुगृहीत छु ।

२०८० मङ्सिर २५ गते **• नरेन्द्रराज प्रसाई**

# सेतुरामको बाल्यकाल

आदिगायक सेतुराम प्रधान* संवत् १९४० सालमा काठमाडौँको असन कमलाक्षीमा जन्मेका थिए । कृष्णधर प्रधान र हरिदेवी प्रधानका तीन सन्तानमध्ये सेतुराम कान्छा छोरा थिए ।

सेतुराम सानैमा हुने बिरुवाको चिल्लो पात देखिन्थे । सेतुराम बाल्यकालदेखि नै गीत गुनगुनाउने गर्थे । उनी आफ्ना बाबु कृष्णधर प्रधानको पछि लागेर कहीँ कतै पुग्दा हार्मोनियम भेटे भने त्यहीँ पनि पलैँटी कसेर बजाउन थालिहाल्थे र गीतमा आफूलाई डुबाउँथे । उनको सङ्गीतप्रतिको हृदयान्तरको मोह उनका बाबुले सानैमा देखेका थिए ।

सेतुराम प्रधानको घरपरिवार नै सङ्गीतमय थियो । त्यस घरमा जोकोही पुगे पनि सङ्गीतको पारख गरेर मात्र फर्कने गर्थ्यो । सेतुरामको घरपरिवारका प्रायः सबै सदस्यहरू सङ्गीतमा झुकाव

---

* सेतुरामको थरको विषयमा सङ्गीतका अन्वेषक सुवि शाहले २०५० साल असोज ९ गतेको **गोरखापत्र**मा 'पचहत्तर वर्षभन्दा पहिलेको डिस्क रेकर्डमा सेतुराम श्रेष्ठको गीत' शीर्षकको आलेखमा 'श्रेष्ठ' भनी छपाएका थिए । ग्रामोफोनको रेकर्डमा चाहिँ सेतुरामको थर लेखिएको छैन । संवत् १९७८ सालमा जन्मेकी सेतुरामकी जेठी छोरी मिठाईदेवी राजभण्डारी, संवत् १९९१ सालमा जन्मेकी कान्छी छोरी नारायणदेवी श्रेष्ठ र संवत् २०२५ सालमा जन्मेका नाति (कान्छा छोराका छोरा) ईश्वर प्रधानले चाहिँ सेतुरामको थर 'श्रेष्ठ' गल्तीले उल्लेख भएको हुनुपर्छ, हाम्रो थरचाहिँ 'प्रधान' नै हो (नरेन्द्रराज प्रसाईसँग) भनेका छन् ।

राख्थे । वास्तवमा त्यस घरका अधिकांश सदस्य सङ्गीतद्वारा नै आफ्नो हृदयान्तरको भाका पोख्ने गर्थे ।

सेतुरामका दाजु कृष्णदास प्रधान पनि सङ्गीतमा धेरै झुकाव राख्थे । कृष्णदास प्रधान पनि गीतका सौखिन थिए । तर उनी सभा, समारोह र कार्यक्रमहरूमा गएर चाहिँ गीत गाउँदैनथे । त्यसै गरी सेतुरामकी दिदी राममाया पनि गायनमा रुचि राख्थिन् । सेतुरामचाहिँ गायनकलामा बाल्यकालदेखि नै मन, वचन र कर्मले समर्पित थिए । त्यसैले सेतुरामका बुबा कृष्णधर प्रधानले सेतुरामलाई यस क्षेत्रमा लाग्न थप वातावरण पनि तयार पारिदिएका थिए । कृष्णधर प्रधानले आफ्ना छोराको गायनयात्राको लागि प्रशिक्षकलगायत आवश्यक सामग्री पनि जुटाइदिएका थिए ।

त्यतिखेर पढ्नलेख्नभन्दा गीत गाउनैमा सेतुराम चाख राख्थे । उनले पढ्न पनि जानेका थिए । पढाइचाहिँ उनको स्वाध्ययन थियो । उनी स्कूली शिक्षाका नभएर वैयक्तिक ज्ञानका उपज थिए । उनी सबैसँग मिलेरै कुरा गर्थे, मिलेरै व्यवहार गर्थे र मिलेरै आफ्नो कामधन्दा गर्थे । मिलनसारिता उनको दैवी गुण थियो ।

सेतुरामले आफ्ना बुबाआमा, दाजु र दिदीहरूबाट गीत गाउन प्रोत्साहन पाएका थिए । उनको स्वर सुनेर उनका घरपरिवार उनीसँग झुम्मिने गर्थे । त्यसैले उनले आफ्नो बाल्यकालमा नै सङ्गीतप्रति गहिरो प्रेम गाँस्न पाएका थिए । उनी यस मामलामा निश्चिन्त, निर्धक्क र नि:सङ्कोच भएर अगि बढेका थिए । वास्तवमा त्यस वेला एकोहोरो सङ्गीतमा लाग्ने मान्छे समाजको लागि त्यति इज्जतदार हुँदैनथ्यो । तैपनि सेतुरामले चाहिँ त्यस क्षेत्रमा पनि भनेजति सम्मान पाएका थिए । पछि गएर साङ्गीतिक क्षेत्रमा उनको राम्रो सामाजिक प्रतिष्ठा स्थापित भएको थियो ।

सेतुराम आठ-नौ वर्षकै उमेरमा काठमाडौँ उपत्यकामा गीतगायनका जुनसुकै कार्यक्रममा पनि पुग्थे । उनी गीत गाएर नै

सारालाई मक्ख पार्न सक्थे । उनी गीत गाउन पुगेको जुनसुकै टोलमा मान्छेको घुइँचो लाग्थ्यो । उनी गीत गाएर जुनसुकै उमेरका मान्छेलाई पनि मुग्ध पार्थे । वास्तवमा उनी बाल्यकालदेखि कलात्मक व्यक्तित्वका धनी थिए । त्यस वेलादेखि नै उनको गायनकलामा रौनक जोडिएको हुँदा उनी क्रमश: धेरैका प्रिय गायक भएका थिए ।

सेतुराम सानामा गोरो अनुहारका थिए । सेता भएकैले उनलाई सेतुराम भन्ने गरिएको थियो । किशोरावस्थाले डाँडो काट्तानकाट्तै सेतुराम हेर्दा खाइलाग्दा पनि देखिन्थे । साथै उनी बोल्दा सबै मक्ख पर्थे । त्यसैले केटीहरू पनि उनीप्रति आकृष्ट भएको पाइन्थ्यो । त्यति मात्र होइन उनको रहनसहन, लवाइखवाइ, बोलीचाली, हिँडाइडुलाइ पनि राजसी छाँटको देखिन्थ्यो । उनी मध्यमवर्गीय परिवारका थिए । उनको पुस्तैनी खास पेसा भाँडाकुँडाको व्यापार थियो ।

# सेतुरामको गायनयात्रा

सेतुराम नेपाली आधुनिक गीतका आदिगायक हुन् । उनले संवत् १९६५ सालमा नै नेपाली साङ्गीतिक आकाशमा गीत रेकर्डिङ गरेर पहिलो गायक हुने सौभाग्य पाए । त्यस वेलाको प्रसङ्ग कोट्टचाउँदै सेतुरामकी जेठी छोरी मिठाईदेवी राजभण्डारी भन्छिन्– “बुबाले गीत गाएको मिति त थाहा छैन, तर बुबा गीत गाउन कोलकाता जाँदा हाम्रा जेठा दाजु रामबहादुर प्रधान जन्मेका थिए रे ।” सेतुरामका जेठा छोरा उस्ताद रामबहादुर प्रधानचाहिँ संवत् १९६५ सालमा जन्मेका थिए । त्यति मात्र होइन, संवत् १९५८ सालमा श्री ३ महाराज चन्द्रशमशेरले काठमाडौँस्थित फर्पिङबाट पाँच सय किलोवाटको बिजुली उत्पादन गराएका थिए । त्यस खुसीयालीसमेत गाँसेर उनले चन्द्रशमशेरको स्तुतिमा गीत गाएका थिए । बिजुली बलेको रमाइलो मनमा छाउँदाछाउँदै उनले गीत गाएका थिए । ‘यता हेऱ्यो यतै मेरा नजर्मा राम प्यारा छन्’ बोलको गजल गाएर उनी चर्चित पनि भए । युवाकवि मोतीराम भट्टद्वारा लिखित यस गीतलाई सेतुरामद्वारा नै धुन प्रदान भएको देखिन्छ । उस्ताद सेतुराम शास्त्रीय गीतमा त पारङ्गत नै थिए । शास्त्रीय गीतको गायनक्रममै उनी गजलगायनतिर पनि लागे । यतिले चित्त नबुझी उनी लोकगायनतर्फ लागे । अत: उनले झ्याउरे गीत पनि गाउन थाले । उनी आधुनिक गीत, लोकगीत, स्तुतिगीत र भजनगायनमा पनि उत्तिकै मन दिन्थे । वास्तवमा उनी साङ्गीतिक विधाहरूप्रति अति उदार थिए । उनको गायनकलाको त्यति वेला

जनस्तरमा मात्र होइन, राणाका दरबारमा पनि उत्तिकै प्रशंसा हुने गर्थ्यो । फलत: सेतुराम बबरमहलमा जागिरे हुन पनि पुगे ।

सेतुराम काठमाडौँस्थित कमलाक्षीको भजनगृहका उत्पादन थिए । शास्त्रीय गीत, भजन र गजल गाउँदागाउँदै उनी उस्तादका रूपमा चर्चित भए । उनको गलाको तारिफ त्यति वेला नै गरिन्थ्यो । वास्तवमा उनैले नेपाली भाषाका गीतलाई मिरमिरेको लालीसँगै सगरमाथाको टुप्पामा पुऱ्याएका थिए । त्यस वेला गायनप्रति उनको अति झुकाव थियो । उनले सङ्गीतलाई रेकर्डमा भरी जनतासम्म पुऱ्याएर ऐतिहासिक कार्य गरेका थिए । त्यस वेला कोलकाता पुगेर आफ्नै खर्चमा ग्रामोफोन रेकर्ड गर्नु त्यति सजिलो पनि थिएन । त्यतिखेर सेतुरामलाई काठमाडौँदेखि कोलकातासम्म पुग्न चौबीस दिन लागेको बेहोरा सेतुरामका छोरीद्वय मिठाईदेवी राजभण्डारी र नारायणदेवी श्रेष्ठबाट थाहा पाइन्छ । यस कुराको पुष्टि सङ्गीतका अन्वेषक सुवि शाहले पनि गरेका छन् । शाहको भनाइअनुसार त्यति वेला कोलकातासम्म पुग्न प्राय: जङ्गलकै बाटो हिँड्नुपर्थ्यो । बाटोमा बाघभालु आदिबाट बचेर हिँड्नुपर्ने हुनाले यात्रा अत्यन्तै कठिन थियो ।


(युवावस्थाका सेतुराम)

सेतुराम साहू जनकलाल श्रेष्ठको सौजन्यवश कोलकाता पुग्न पाएका थिए । त्यतिखेर जनकलाल श्रेष्ठ भद्रकाली हाउसको स्थापना गरेर नेपालमा ग्रामोफोनको चक्का बेच्ने मुख्य विक्रेता रहेका थिए । उनी सङ्गीतकला भनेपछि हुरुक्कै हुने व्यापारी थिए । उनी व्यापारी भएर पनि अर्काको हितमा आफ्नो व्यापारलाई जोड्ने गर्थे । त्यसैले उनले करबल गरेर, चेपचाप गरेर र विभिन्न हौसला दिएर सेतुरामलाई गीत रेकर्डिङ गर्न कोलकाता पुऱ्याएका थिए । कोलकाता पुऱ्याएर जनकलाल श्रेष्ठले जोनोफोन रेकर्डको लेबलमा 'भद्रकाली हाउस'

उल्लेख गरी प्रथम चरणमा नै सेतुरामका स्वरमा मात्र सातवटा रेकर्ड भराएका थिए । ती सातवटा रेकर्डमा चौधवटा गीत भरिएका थिए ।



(सेतुरामको स्वर भएको ग्रामोफोनको रेकर्ड)

हुन त नेपालमा त्यतिखेर ग्रामोफोनको त्यति चल्ती थिएन । नेपालमा ग्रामोफोन भित्रिएको प्रसङ्गमा सितारवादक सरदार भूपालमान प्रधानले भनेका थिए– "नेपालमा संवत् १९६५ सालपूर्व आएको ग्रामोफोन डुङ्गाजस्तो आकारको रेकर्ड बजाउने ग्रामोफोन थियो । १९६५ सालमा डिस्क रेकर्ड बजाउने ग्रामोफोनले नेपाल प्रवेश गर्‍यो ।" वास्तवमा त्यसै वेलादेखि सेतुरामले पनि ग्रामोफोनमा आफ्नो स्वरमा गीत भर्न थालेका थिए । ती ग्रामोफोनका चक्कामा सोह्रवटा नेपाली भाषाका गीत र बाह्रवटा नेपालभाषाका गीत फेला परेका छन् । उनका स्वरमा आबद्ध गीतका अरू पनि चक्का हुनुपर्छ भन्ने सङ्गीतअन्वेषक सुवि शाहले दाबी गरेका छन् । त्यसै प्रसङ्गलाई जोडेर सङ्गीतअन्वेषक सुवि शाहले लेखेका छन्★– "मुख्य कुरा सेतुरामको पहिलोपल्ट प्राप्त जोनोफोन लेबलका रेकर्डहरूमा तीन किसिमका नम्बरहरू अङ्कित भएका छन् । तीमध्ये एक थरी नम्बरमा X-7-102141 बाट बढ्दै गएको छ । अर्को नम्बरको लेखाइ 4529-Y देखि माथिको छ र मुख्य रेकर्ड नम्बर आयताकार कोठाभित्र N 848 बाट क्रमश: N 854 सम्म भेट्टिएको छ ।



(सेतुरामको स्वर भएको ग्रामोफोनको रेकर्ड)

★ सुवि शाह : गोरखापत्र, २०५० असोज ९ गते

यसरी एउटै रेकर्डमा तीन किसिमको नम्बर हुनु र जोनोफोन रेकर्डको लेबलमा नयाँ किसिमको नम्बर आयताकार कोठाभित्र N 848 बाट देखा पर्नुबाट यसभन्दा अगाडि या पछाडिको नम्बर अङ्कित रेकर्डहरू पनि अवश्य हुनुपर्ने हो भन्ने अनुमान हुन्छ । तर आयताकार नम्बर भएको रेकर्डको सिलसिलाबद्ध अरू रेकर्ड प्राप्त नभएको हुँदा ती रेकर्डहरूमा केकस्ता गीत भरिएका छन् खोजी हुनु अनिवार्य भएको छ, किनभने जोनोफोन रेकर्डमा 'भद्रकाली हाउस' लेखिएको रेकर्ड N 854 सम्म देखिएकाले सेतुरामका अरू पनि रेकर्ड हुन सक्ने सम्भावना देखिन्छ ।"

सेतुरामको योगदान बिर्सिनसक्नु छ । उनी आफ्नो आनन्दको लागि गीत गाउँथे, तर सबैलाई खुसी पारेर गाउँथेँ । त्यतिखेर गीत गाउने धेरै भए तापनि रेकर्डिङ गराउने कलाकार उनी एउटै थिए । नेपाल जस्तो अविकसित देशमा जन्मेर पनि त्यतिखेरै कोलकातासम्म पुगेर त्यसरी आफ्ना गीतहरू रेकर्ड गर्न पाउनु उनको ठूलो भाग्य मानिन्थ्यो साथै यसबाट उनको लगनशीलताको तात्कालिक परिचय पनि पाइन्छ । उनी आफ्नो विधाको उन्नतिको लागि जतिसुकै कठिन यात्रा पनि रमाईरमाई तय गर्न पछि नहट्ने साहसी सङ्गीतयोद्धा पनि थिए ।

सेतुराम सौखिन गायक थिए । उनी आफ्नो आत्मसन्तुष्टिको लागि मात्र गीत गाउँथे । उनको स्वरको मातमा परेर नै साहू जनकलाल श्रेष्ठले उनको ग्रामोफोन रेकर्ड बनाइदिएका थिए । यति हुँदाहुँदै पनि सेतुरामले जीविकोपार्जनको लागि गीत गाउने लक्ष्य चाहिँ राखेनन्, तर उनका गीतका चक्काहरू भने निकै बिक्थे । त्यतिखेर नेपाली भाषाका गीतका चक्का पाउनै गाह्रो थियो । उनका स्वरहरूले सजिएको ग्रामोफोन नेपाल भित्रिएपछि उनको ख्याति चम्केको थियो । त्यतिखेर रेकर्ड गरिएका गीतमध्ये 'ए आमा सानीमा', 'ऊलऊली मैयाँ पातली' र 'आज र जाऊँजाऊँ' भन्ने गीत भने चर्चित पनि भएका थिए । ती गीतहरू काठमाडौँ सहरमा मात्र होइन, नेपालका डाँडापाखाहरूमा पनि निकै चलेका थिए ।

सेतुरामले त्यस वेला जति गाए धेरै गाए । त्यतिखेर पनि उनको गीतको गुणात्मक महत्त्व थियो । उनका गीतहरू जति स्वच्छन्दताले भरिएका हुन्थे त्यति नै मर्मस्पर्शी पनि हुन्थे । खास गरेर स्वतन्त्र रङ्गमञ्चमा गीत गाउँदा उनी रोमान्टिक शब्द नै बढी रोज्ने गर्थे । त्यसैले होला उनको गायनका विशेषतालाई लिएर चारैतिर चर्चा चल्ने गर्थ्यो । वास्तवमा त्यतिखेर सेतुरामको स्वर भएको ग्रामोफोनका चक्का घुमाईफिराई धेरैले सुन्ने गर्थे । त्यतिले नपुगेर सेतुरामका गीतको ग्रामोफोनको रेकर्ड माइकमा घन्काउने पनि गरिन्थ्यो । त्यसैले सेतुरामको स्वरले चाँडै फैलने मौका पनि पाएको थियो । उनको स्वरलाई लिएर त्यस वेला खूबै तारिफ र टीकाटिप्पणी हुने गर्थ्यो । किनभने उनको स्वर, सङ्गीत र शब्दले गीतका पारखीलाई राम्ररी प्रभाव पार्ने गर्थ्यो ।

सेतुराम नेपालभाषामा पनि पहिला गीत रेकर्ड गराउने व्यक्तित्व हुन् । त्यस वेला नेपालभाषाका गीतको रेकर्ड गरेर सेतुराम काठमाडौँ उपत्यकाको नेवारसमुदायमा सबैका मन परेका गायक थिए । 'राजामती कुमति' भन्ने गीतको स्वराङ्कनपछि काठमाडौँ सहरमा सेतुराम धेरैका हाईहाई भएका थिए । खास गरेर नेपालभाषाका गीत गाउँदा उनी नाच्ने पनि गर्थे । ठट्टा गरीगरी नाच्ने र गाउने कलामा उनले ख्याति कमाएका थिए ।

त्यस वेलादेखि यस वेलासम्मको हिसाब गर्ने हो भने सेतुराम नेपाली आधुनिक सङ्गीतका सर्वोपरि व्यक्तित्व थिए, सर्वमान्य साधक थिए र सर्वोच्च कलाकार थिए । उनी नेपाली भाषा र संस्कृतिलाई स्वरका माध्यमबाट देशविदेशमा पुऱ्याउने प्रथम साधक थिए । वास्तवमा उनी नेपाली सङ्गीतका महेश्वर थिए । उनी नेपाली गीतसङ्गीतका उपल्लो दर्जाका स्रष्टा थिए । उनको नेपाली गायनप्रतिको निष्ठाले उनी यस धरतीमा चिरञ्जीवी भएका छन् ।

# सेतुरामको राणादरबारमा प्रवेश

**श्री ३ महाराज चन्द्रशमशेर**

……………………………*

**उज्यालो भयो शहर बजार !**

सेतुरामले चन्द्रशमशेरको स्तुति गाएर राणादरबारमा प्रवेश पाए; प्रवेश मात्र होइन, उनले त्यही गीत गाएर जागिर पनि पाए । वास्तवमा चन्द्रशमशेर यस्ता गीतसङ्गीत भनेपछि हुरुक्कै हुन्थे । त्यसैले सेतुरामले त्यो कदर पाएका थिए ।

सेतुराम मान्छे रिझाउन पोख्त थिए । उनी आफ्नो स्वरलाई मान्छे रिझाउने एक प्रकारको कलाकै रूपमा प्रयोगमा ल्याउँथे । त्यसै क्रममा राणाहरूसँग उनको घनिष्ठता रहन गएको थियो । उनी राणालाई हात लिने अभिप्रायले आफै गीत लेख्तै गाउँदै गर्थे । नभन्दै गीतसङ्गीतकै माध्यमबाट उनी राणादरबारमा प्रवेश पाउन सफल भए ।

सेतुरामका गीतले हलचल पैदा गर्दा उनीप्रति राणासरकारको कान ठाडो भएको थियो । उनले चाँडै राणादरबारमा प्रवेश पाउनुको कारण पनि यही थियो । सेतुरामका गीत अत्यन्त मनोहारी हुन्थे । उनी त्यतिखेर गायनका शिखरपुरुष नै मानिन्थे । त्यस लहरले अझै बाटिने मौका पाएको चाहिँ छ । त्यतिखेरका सेतुरामको स्वरको विषयमा यति वेला पनि प्रशंसाका हारहरू पाइन्छन् । यसै प्रसङ्गमा सुवि शाहका शब्दमा भन्ने हो भने "  सङ्गीतक्षेत्रमा सेतुरामले

* ग्रामोफोनको 'स्तुति' शीर्षकको रेकर्डमा आबद्ध गीतका अरू शब्दहरू बुझिँदैनन् ।

नेपाली गीतमा नयाँ आयाम थपेर नेपाली कलाकारको प्रतिष्ठा बढाइसकेको देखिन्छ ।”

श्री ३ महाराज चन्द्रशमशेर गीतसङ्गीतमा सौखिन थिए । आफू प्रधानमन्त्री भएपछि उनैले डा. ए.एम. पठानलाई **गोरखा गीत प्रकाश** नाउँको स्वरलिपिको पुस्तक तयार पार्न लगाएका थिए । त्यस बेहोराको अध्ययन सेतुरामले पनि गरेका थिए । अत: उनले पनि चन्द्रशमशेरलाई खुसी पार्न आफ्नो सामर्थ्य खर्च गरेका थिए । उनले चन्द्रशमशेरको स्तुतिगान गर्नुको कारण यही थियो । त्यतिखेर उनले स्तुतिगीत गाएर चन्द्रशमशेरलाई मक्ख पारेका थिए । करियामोचनपछि चन्द्रशमशेरलाई सर्काएर सेतुरामले गीत गाएका थिए । त्यो गीत पनि कोलकाता गएर उनले ग्रामोफोनमा रेकर्ड गरेका थिए । त्यति वेला त्यो स्तुतिगीत ग्रामोफोनमार्फत चारैतिर घन्कने गर्थ्यो ।

सेतुराम श्री ३ महाराज चन्द्रशमशेरको जय मनाएर फुटकर गीतहरू गाइरहन्थे । त्यसैले उनी राणादरबारमा सजिलैसँग र अप्रत्याशित ढङ्गबाट प्रवेश पाउन सफल भए । सुरुमा जागिरेको रूपमा उनले बबरमहलमा प्रवेश पाएका थिए ।

बबरमहलबाट सेतुरामलाई लिन बराबर राणाका मान्छे आउने गर्थे । त्यतिखेर राणालाई खुसी पार्न सेतुराम कहिले आफै जान्थे, कहिले आफ्ना छोरा रामबहादुर प्रधानलाई पठाउँथे । जे होस्, त्यहाँ बाबुछोरा पालैपालो गएर गीत गाउने गर्थे । त्यहाँबाट फर्कंदा उनीहरू खानेकुराहरू पनि साथ लिएर घर आउँथे । त्यतिखेर बबरमहलबाट उनीहरू साँधेको भटमास, लसुन, अदुवालगायत जेरी, स्वारी, मालपुवा आदि खानेकुरा टपरीमा लिएर आउँथे । त्यति वेलाको त्यस प्रसङ्गमा सेतुरामकी जेठी छोरी मिठाईदेवी राजभण्डारीले (नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईलाई) भनेकी थिइन्– “मेरा बुबा दरबारबाट खानेकुरा टपरामा लिएर आउनुहुन्थ्यो; हामी सबै जम्मा भएर खान्थ्यौं । त्यहाँबाट ल्याइएका खानेकुरा धेरै हुन्थे ! हामी सबै अघाउँथ्यौं ।”

राणाको दरबार गएर सेतुराम कहिलेकाहीँ पैसा पनि लिएर आउँथे । त्यसरी पैसा ल्याएको वेलाचाहिँ उनी सानोतिनो उत्सव नै गर्थे । उनी सबै छोराछोरी आफ्नो वरिपरि राखेर हर्षबढाइँ गर्थे । त्यस बखतको प्रसङ्ग कोट्टचाउँदै मिठाईदेवी राजभण्डारीले भनेकी थिइन्– "बुबा दरबार गएपछि कहिले पनि खाली हात आउनुहुन्नथ्यो । उहाँ जहिले पनि केही न केही लिएर आउनुहुन्थ्यो र हँसिलो भएर घरभित्र पस्नुहुन्थ्यो ।"

वास्तवमा सेतुरामले त्यस युगमा पनि निर्धक्क गीत गाएर दरबारदेखि झुप्रासम्मको नेपाली साङ्गीतिक आकाशमा नयाँ आयाम थपेका थिए । उनका गीत अति सरल हुन्थे । उनको स्वरमा मिठास थियो भने गीतका शब्द पनि जनजिब्रोमा टाँस्सिने खालकै हुन्थे । त्यसैले उनी पहिला गायक मात्र होइनन्, पहिलो आधुनिक झ्याउरे गीत गाएर नेपाली गीतिसंसारमा सर्वाधिक चर्चित हुने गायक पनि भए । महाराज चन्द्रशमशेरले उनको कदर गरेर उनको त्यस चर्चालाई चरितार्थ पारिदिए ।

उनले तात्कालिक राणाको दरबारको मुटु छामेका थिए । उनलाई दरबारसुहाउँदो व्यवहार गर्न आउँथ्यो र उनी सबैलाई रिझाएर कुरा गर्न पनि पोख्त थिए । यस्तो बानीबेहोरा उनको तात्कालिक गीतसङ्गीतसेवाको लागि वरदान साबित भएको थियो । उनको मिलनसारिताले सुनमा सुगन्धको भूमिका खेलेको थियो । वास्तवमा यी नै उनको भाग्योदयका कारक तत्त्व थिए । तर उनमा मनोरम र आकर्षक गायनप्रस्तुतिको कौशल एवं यसको लागि आवश्यक शास्त्रीय ज्ञान र गायनक्षमता नभइदिएको भए उनको भाग्यसूर्य अस्ताउन पनि सक्थ्यो । अत: मूल कारक तत्त्वको रूपमा उनको क्षमता र कौशल नै थियो । तात्कालिक वातावरणमा उनी जति सक्थे त्यति साङ्गीतिक सेवा गर्न त सफल भए नै, साथै अपेक्षित कदर पाउन पनि सफल भए । एक किसिमले उनको लागि त्यस वेला चन्द्रमा दाहिना थिए ।

# सेतुरामको परिवार

सेतुराम रोमान्टिक स्वभावका आकर्षक व्यक्तित्व थिए । उनी प्रकृतिप्रति बढी झुकाव राख्थे । अत: उनले युवावस्थामा केही केटीसँग मन मिलाए, केहीसँग तन मिलाए र केहीसँग चाहिँ थर पनि मिलाए । अर्थात् यिनले प्रेम गरेका सुन्दरीहरूमध्ये केहीसँग बिहे गरे । उनका औपचारिक लगनगाँठो कसिएका चाहिँ चार पत्नी थिए । भनिन्छ– राणाहरूको सङ्गतले पनि उनी बढी रङ्गीन भएका थिए ।



(सेतुरामकी कान्छी श्रीमती सुकुनानी प्रधान)

सेतुरामका चार पत्नीमध्ये कान्छी पत्नी सुकुनानीसँग उनी कहिल्यै छुट्टिएनन् । वास्तवमा सुकुनानीलाई घरमा भित्र्याएपछि उनले अरू नारीलाई आफ्ना घरमा हुलेनन् ।

सेतुरामको चार पत्नीमध्ये जेठी पत्नीको नाउँ सावित्री थियो । सावित्रीबाट संवत् १९६५ सालमा रामबहादुर प्रधानको जन्म भएको थियो । रामबहादुर पनि सानैदेखि गीत गाउँथे । उनको स्वरको पनि सबैतिर तारिफ हुन्थ्यो । उनी स्वरका धनी उस्ताद थिए । आफ्नो छोराको गायनप्रति गर्व राख्तै सेतुरामले रामबहादुर प्रधानलाई गायन सिकाउने अभिप्रायले उस्ताद गणेशलाल श्रेष्ठलाई आफ्नै घरमा सङ्गीतशिक्षकका रूपमा राखे । त्यतिखेरै रामबहादुरले शास्त्रीय

सङ्गीतमा राम्रो शिक्षा पाएका थिए । रामबहादुर प्रधानले पछि गजलगायनमा पनि विशेष प्रसिद्धि पाए ।

सेतुरामले आफ्ना छोरा रामबहादुरको भव्य रूपमा विवाह गरिदिएका थिए । बिहेपछि रामबहादुर आफ्नो घरगृहस्थीमा व्यस्त देखिन थाले । बिहे गरेको दुई वर्ष नपुग्दै उनकी पत्नीको निधन भयो । त्यसपछि रामबहादुर प्रधानले दोहोऱ्याएर बिहे गरेनन् । रामबहादुरलाई आफ्ना बुबा उस्तादको अतिरिक्त साहू पनि भएकोमा गर्व लाग्थ्यो । त्यसैले उनी साहूका छोरा भएर ठाँटिएर हिँड्ने गर्थे ।


(सेतुरामका जेठा छोरा उस्ताद रामबहादुर प्रधान)

उस्ताद रामबहादुर प्रधान आफूसँग भएको पैसा लगानीमा लगाउँथे । ब्याजमा दिएको पैसा ऋणीले तिरेन भने उनी त्यस घरमा जे छ त्यही भए पनि लिएर आउँथे । कतिसम्म भने कसैले ऋण तिरेन भने उनी त्यहाँबाट कहिले हिटर लिएर आउँथे र कहिले इस्त्री लिएर आउँथे । उनी कुनैकुनै असामीका घरबाट बिजुलीको चिम भए पनि बोकेर आउँथे । अर्थात् उनी जहाँजहाँ जेजे भेट्टिन्छ त्यहीत्यही चीज भए पनि असुलीका रूपमा लिएर आउँथे । उनकी भाइबुहारी बालकुमारी प्रधानले यसै प्रसङ्गमा भनेकी थिइन्– "उहाँ (रामबहादुर) दिवङ्गत हुँदा उहाँको कोठाभरि त्यस्तै थोत्रामोत्रा सामान मात्र थिए; जुन सामानहरू उहाँले ऋणको साउँब्याज नतिर्नेबाट असुल्नुभएको थियो ।" उस्ताद रामबहादुर प्रधान संवत् २०२८ सालमा स्वर्गीय भए ।

•

सेतुरामकी माहिली पत्नीको नाउँ दुर्गादिवी थियो । दुर्गादिवीबाट केदार प्रधान र साइँला प्रधान जन्मेका थिए । यी दुई भाइ पनि गायनमा रुचि राख्थे । केदार प्रधान र साइँला प्रधान किशोरावस्थामा नै स्वर्गीय



(सेतुरामकी जेठी छोरी
मिठाईदेवी राजभण्डारी)



(सेतुरामकी माहिली छोरी
मेवादेवी श्रेष्ठ)



(सेतुरामकी कान्छी छोरी
कवयित्री नारायणदेवी श्रेष्ठ)

भए । सेतुरामकी साहिँली पत्नी लक्ष्मीदेवीबाट चाहिँ सन्तान जन्मेका थिएनन् ।

गीत गाउँदै हिँड्दै जाँदा सेतुरामको मन फेरि अर्की एउटी सुन्दरीमा बस्यो । अनि उनले फेरि प्रेम गरे । उनले काठमाडौँ चिकंमुगलका जगन्मेहर श्रेष्ठ र कृष्णकुमारीकी कान्छी छोरी सुकुनानी श्रेष्ठलाई प्रेम गरी चौथी पत्नीका रूपमा आफ्नो घरमा भित्र्याएका थिए । धूमधाम मन पराएर ल्याइएकी सुकुनानी प्रधानबाट सन्तान जन्मने क्रम जारी भयो । हुँदाहुँदै उनकी कान्छी पत्नीबाट चार भाइ छोरा जन्मे । तीमध्ये तीन भाइ बाल्यकालमै दिवङ्गत भए । साथै उनीबाट चार बहिनी छोरीहरू मिठाईदेवी, मेवादेवी, मिस्रीदेवी ( सानैमा दिवङ्गत) र नारायणदेवी जन्मे ।

•

सेतुरामकी जेठी छोरी मिठाईदेवीको काठमाडौँको न:घलनिवासी सकसमान राजभण्डारीसँग बिहे भयो । राजभण्डारी डेन्टिस्ट थिए । त्यसै गरी उनकी अर्की छोरी मेवादेवीको कैलाशराम श्रेष्ठसँग बिहे भयो । निक्कै पछि गएर नारायणदेवीको पनि कैलाशराम श्रेष्ठसँगै बिहे भयो । कैलाशराम श्रेष्ठचाहिँ राजनीतिज्ञ थिए । उनी गणेशमान सिंहका ज्यादै घनिष्ठ साथी थिए ।

सेतुरामकी कान्छी छोरी नारायणदेवी श्रेष्ठचाहिँ साहित्यमा समर्पित भइन् । उनले नेपाली र नेपालभाषामा कविता पनि लेखिन् । त्यतिखेर नारायणदेवी श्रेष्ठको काव्यात्मक व्यक्तित्वको चर्चा भइरहन्थ्यो । नारायणदेवीले नेपालभाषामा चाहिँ एउटा कवितासङ्ग्रह पनि प्रकाशित गरिन् । उनको कवितासङ्ग्रह **मुखूस्वां** (कोपिला) संवत् २०१५ मा प्रकाशित भएको छ ।

•

सेतुरामको घरमा प्राय: सङ्गीतकारहरूको घुइँचो लाग्थ्यो । सेतुराम सङ्गीतकर्मीहरूलाई तालिम पनि दिने गर्थे । तालिमेहरूसँग उनी पैसा लिँदैनथे । सङ्गीतमा समर्पित नहुने व्यक्तिहरूलाई उनी तालिम दिँदैनथे । साङ्गीतिक प्रतिभा भएका साथीहरूलाई उनी छानीछानी आफ्नो घरमा ल्याउने गर्थे । उनी कहिलेकाहीँ मध्यरातमा पनि साथीहरू लिएर घर आउँथे । त्यतिखेर तिनीहरूलाई समेत भात खुवाउनुपर्थ्यो । त्यस्ता वेलामा उनकी पत्नीलगायत छोरीहरू खाना पकाउने गर्थे । तर छोरीहरू कहिल्यै सेतुरामका साथीहरूलाई नजिकबाट हेर्न पाउँदैनथे, उनीहरूको स्वर मात्र सुन्न पाउँथे । यसै प्रसङ्गमा सेतुरामकी जेठी छोरी मिठाईदेवी राजभण्डारीले (नइलाई) भनेकी थिइन्– "बाको कोठामा क्या राम्रो जलतरङ्ग बज्थ्यो । त्यो बाजा मलाई सारै मन पर्थ्यो । म बालाई थाहा नदिई त्यो जलतरङ्ग बजाएको चियाएर हेर्ने गर्थें ।"

सेतुरामले आफ्ना विद्यार्थी र साथीहरूलाई बराबर स्नेह गर्थे । सङ्गीतको लागि जुट्ने सबै मान्छेलाई उनी एउटै दृष्टिबाट हेर्ने गर्थे । त्यसैले उनी धेरैका प्रियपात्र पनि थिए । वास्तवमा उनीभित्रको मन नै सफा, स्वच्छ र कञ्चन थियो । उनी सादा जीवन र उच्च विचारका कुवेर थिए ।

•

सेतुराम खानाका पनि सौखिन थिए । उनलाई बिहानबेलुका भात नखाई हुँदैनथ्यो । खानामा माछामासु अनिवार्य हुन्थ्यो । नभए

उनलाई खाना रुच्दैनथ्यो । उनी कुराउनी भनेपछि मरिमेट्थे । उनको घरमा सुकुटी र कुराउनी सधैँजसो हुन्थ्यो ।


(सेतुरामका कान्छा छोरा बद्रीप्रसाद प्रधान)

सेतुरामका साथीहरू सेतुरामको घरमा सधैँभरि आइरहेकै हुन्थे र वाद्यवादन र गीत गाउने क्रम चलिरहन्थ्यो । त्यतिखेर विभिन्न बाजामा साथ दिने तिनीहरू नै हुन्थे । गीत गाउने चाहिँ प्राय: सेतुराम नै हुन्थे । यसै प्रसङ्गमा सेतुरामकी जेठी छोरी मिठाईदेवीले भनेकी थिइन्– "बुबाका साथीहरूलाई हामी खानापिना तयार गर्थ्यौं, तर हामीलाई बैठकमा जान अनुमति थिएन, खानापिना लगिदिने मान्छे अरू नै हुन्थे । तिनीहरू त्यहाँ हुँदा हामीलाई त्यहाँ जाने अनुमति थिएन । हामीलाई त झ्यालबाट च्याउने अनुमतिसम्म पनि थिएन ।"

•

सेतुरामकी कान्छी पत्नी सुकुनानी प्रधान नब्बे वर्षको उमेरमा स्वर्गीय भइन् । धर्मपरायणा सुकुनानीको मृत्युको कारण पनि पूजापाठसँगै सम्बद्ध थियो । नित्यपूजाको समयमा सुकुनानीले भगवान्लाई ढोग्दा भगवान्का लागि उनीद्वारा नै बालिएको बत्ती उनको तालुमा सल्केको थियो । त्यसैको पीडाले केही दिनपश्चात् उनको मृत्यु भयो । उनी संवत् २०४२ सालमा काठमाडौँको भोटाहिटीस्थित कमलाक्षीको आफ्नै घरमा दिवङ्गत भएकी थिइन् ।


(सेतुरामकी कान्छी पुत्रबन्धु बालकुमारी प्रधान)

सेतुरामका छोराहरूमध्ये दुई जना छोराहरू रामबहादुर र बद्रीप्रसादबाहेक अरू छोराचाहिँ बालककालमै दिवङ्गत भए । उनका छोराहरू रामबहादुर प्रधान र

बद्रीप्रसाद प्रधानले चाहिँ जीवनको आधाआधा भागजति भोग गरे । उनका छोराहरूमध्ये बद्रीप्रसाद प्रधान सबैभन्दा पछिसम्म बाँचे ।

बद्रीप्रसाद प्रधान सानैदेखि नोकरीमा लागे । उनलाई नोकरीमा पुऱ्याउने उनका भिनाजु कैलाशराम श्रेष्ठ थिए । गणेशमान सिंह मन्त्री छँदा कैलाशराम श्रेष्ठले बद्रीप्रसाद प्रधानलाई जागिरमा प्रवेश गराएका थिए । बद्रीप्रसाद प्रधान घरव्यवहारमा पनि निपुण थिए । बद्रीप्रसाद प्रधान गीत लेख्थे, कविता लेख्थे र गीत पनि गाउँथे । उनले गीतगायनलाई पेसा बनाउन चाहेनन् । म्याट्रिक परीक्षामा सम्मिलित भएपछि उनी जागिरतिरै केन्द्रित भए । नोकरीको हिसाबमा उनी श्री ५ को सरकारको अर्थमन्त्रालयमा नायब सुब्बासम्म भए ।



(सेतुरामका नाति मदन प्रधान)



(सेतुरामका नाति ईश्वर प्रधान)

बद्रीप्रसाद प्रधानको बिहे २०११ सालमा काठमाडौँको वटुटोलका खगेन्द्रमान प्रधान र चतुरमाया प्रधानकी छोरी बालकुमारी प्रधानसँग सम्पन्न भएको थियो । यी दम्पतीबाट दुई छोरा मदन र ईश्वर अनि दुई छोरी इन्दिरा र रश्मि जन्मे । बद्रीप्रसाद प्रधान रोगी पनि थिए । पछि उनलाई दमको व्यथाले पनि आक्रमण गऱ्यो । दमको व्यथाले समातेपछि साथ छाड्नै नचाहने हुँदो रहेछ । जतिसुकै उपचारबाट पनि यो व्यथा हटेन । अथवा भनौँ– जीवनको अन्तिम क्षणसम्म पनि यसले छाडेन । परिणामस्वरूप २०३८ सालमा बद्रीप्रसाद प्रधान बाउन्न वर्षको उमेरमा स्वर्गीय भए ।



(सेतुरामकी नातिनी इन्दिरा श्रेष्ठ)



(सेतुरामकी नातिनी रश्मि श्रेष्ठ)

सेतुरामका वंशजका रूपमा बद्रीप्रसाद प्रधान र बालकुमारी प्रधानका दुई भाइ छोरा र दुई बहिनी छोरीहरू छन् । जेठा छोरा मदनले भारत दार्जीलिङकी रेखा थापासँग र कान्छा छोरा ईश्वरले नुवाकोटकी सरस्वती श्रेष्ठसँग बिहे गरे । तीमध्ये मदन प्रधान आफ्नो व्यवसायमा र ईश्वर प्रधान घरगृहस्थीमा लागेका छन् । यिनीहरू दुवै भाइ आफ्नो पुर्ख्यौली घरमा रहेका छन् । दुई जना छोरीहरूमध्ये इन्दिराको अमृतमान श्रेष्ठसँग र रश्मिको राजु श्रेष्ठसँग दाम्पत्य जीवन गाँसिन पुग्यो ।

सेतुरामका छोरा बद्रीप्रसाद प्रधानले आफ्नो पुर्ख्यौली सम्पत्ति जतनसाथ जोगाएर राखे । उनको शेषपछि त्यस सम्पत्तिको भोगचलन उनकै छोराद्वय मदन र ईश्वरले गरे ।

•

सेतुरामले जति छाडेर गए त्यसमा सेतुरामका परिवारजनहरूलाई असन्तोष छैन । उनीहरू सन्तोषपूर्वक सक्दो इलम गरी जीवन धानिरहेकै छन् । एक प्रतिभाको कमाइ जति हुनुपर्ने हो त्यति त सेतुरामले पाएनन् । उनको कमाइ त्यति पर्याप्त त हैन, तर त्यति कमाएर उनले राम्ररी नै घरव्यवहार चलाएका थिए । उनका सन्तान नातिनातिनासम्मलाई पनि मनमा उत्तिकै सन्तोष र गर्वको अनुभूति छ । हुन त सेतुरामले पनि आफ्नो जीवनको अवधिमा आफ्ना सन्तानबाट सम्मान नै पाए । उनले कुनै किसिमले अप्रिय र अपमानजनक व्यवहार वा उपेक्षाको अनुभूति गर्नु परेन । मानिसको जीवनमा यस्तो स्थिति पनि सम्भवत: सौभाग्यकै स्थिति मानिन्छ भन्ने बेहोरा उनकी जेठी छोरी र कान्छी छोरी दोहोऱ्याउने गर्छन् ।

हो, त्यस वेला सेतुरामको जीवन एकातिर रोमान्टिक देखिन्थ्यो भने अर्कोतिर लगनशील र कर्मनिष्ठ पनि थियो । त्यसैले उनले पाएको त्यो सन्तोषमय जीवन उनको सौभाग्यकै परिणाम भयो । 'सेतुरामहरूले निर्बाध रूपले आफ्नो क्षेत्रमा निरन्तर आफ्नो सेवा समर्पित गरिरहेर नै नेपाली साङ्गीतिक धरातल पनि धनी बन्यो' भन्ने कुरा सुवि शाह बराबर व्यक्त्याउँछन् ।

# सेतुरामको व्यवसाय

सेतुरामको खास पेसा गायन देखिए तापनि उनको आयस्रोत चाहिँ व्यापार नै थियो । उनी काठमाडौँका नाउँ चलेका भाँडाव्यापारी थिए । त्यतिखेर उनी ललितपुरबाट थोकमा भाँडाकुँडा ल्याएर काठमाडौँको असन बालकुमारीमा खुद्रामा बेच्ने गर्थे । उनी भाँडापसले भए तापनि सङ्गीतका पारखीहरू उनलाई 'उस्तादजी' भनेर बोलाउँथे । अरूहरू भने उनलाई साहूजी भनी सम्बोधन गर्थे । तर त्यतिखेर सेतुराम भन्नेबित्तिकै उस्ताद भन्ने हेक्का नहुने व्यक्ति कमै हुन्थे ।

सेतुरामले गीतलाई मनोरञ्जनको साधन बनाए तापनि पेसा भने बनाएनन् । उनले गीतलाई मानवजीवनको एउटा मनोरञ्जक पक्ष बनाएर प्रस्तुत गरे तर त्यसैलाई जीवननिर्वाहको आधार भने बनाएनन् । उनले जति गीत गाए मन लगाई गाए, समर्पित भएर गाए, अरूको फर्माइसमा गाए र राणाहरूको अनुरोधमा गाए, तर अर्काको दबाबमा चाहिँ कहिल्यै गाएनन् । उनको जीवन धान्ने व्यवसाय व्यापार नै थियो । उनी युवावस्थामा जागिरे पनि भए, तर त्यस जागिरमा उनी स्थायी रूपमा लागिपर्न चाहिँ सकेनन् । उनी एउटा स्वच्छन्दतावादी व्यक्ति थिए । त्यसैले उनी जागिरको नाउँमा कैदी हुन चाहँदैनथे । अन्ततः उनले आफ्ना पुर्खाको काममै आफूलाई समाहित गरे ।

सेतुरामका पुर्खा पेसागत रूपमा व्यापारी नै थिए । उनीहरू भाँडादोकानसितै संलग्न थिए । त्यतिखेर उनीहरू काठमाडौँका

नामी भाँडापसले थिए । अत: सेतुराम पनि भाँडापसलमा नै संलग्न भए । गायनमै बढी दत्तचित्त भइदिनाले उनी युवावस्थामा भाँडापसललाई पर्याप्त समय दिन सक्तैनथे । उनी आफू गाउन जाँदा आफ्नो छोरा रामबहादुर प्रधानलाई भाँडापसलमा राख्थे । तर उमेर छिप्पिँदै गएपछि भने उनी धेरैजसो आफै भाँडापसलमा बस्ने गर्न थाले ।

सेतुरामले काठमाडौँकै असनस्थित बालकुमारीमा भाँडापसल थापेका थिए । त्यहाँ उनी तामा, पित्तल र काँसका भाँडाकुँडा बेच्ने गर्थे । पुराना पत्रु भाँडाकुँडा लिएर नयाँ भाँडा साट्ने पनि गर्थे । उनको व्यापार राम्ररी चलेको पनि थियो । त्यसैले उनी आफै पसलमा बस्नु अनिवार्य नै थियो । तर गायनमा लाग्दै जाँदा उनको पसलको व्यापार जति उचाइमा पुग्नुपर्ने थियो त्यति उचाइमा चाहिँ पुग्न सकेको थिएन । काठमाडौँको हकमा चाहिँ उनको भन्दा चल्तीको भाँडापसल अरू कसैको थिएन भनी उनकी जेठी छोरी मिठाईदेवी राजभण्डारीले भनेकी थिइन् । मिठाईदेवी भन्थिन्– "हाम्रो बाको भाँडापसल शिवरात्रिताका झन् बढी चल्थ्यो ।" वास्तवमा उनी अन्य पसलको दर हेरी केही सस्तो दरमै भाँडाकुँडा बेच्ने गर्थे । त्यसैले सेतुरामको पसलमा गाउँबाट ग्राहकहरू ओइरिइरहन्थे । सेतुरामको परिवारको जीविकाको लागि त्यस पसलको आम्दानी पर्याप्त थियो ।

सेतुरामको जीवनको उत्तरार्धमा व्यापारमा निक्कै उन्नति भएको थियो । त्यस वेला व्यापारको आम्दानीबाट उनले काठमाडौँको भोटाहिटी कमलाक्षीमा पुराना तीनवटा घर किनेका थिए । ती घर भत्काएर उनले एउटा राम्रो घर बनाएका थिए । घर बनाएर ज्यामी, डकर्मीलाई बिदा दिएको भोलिपल्ट भुइँचालो आएको थियो । ९० सालको डरलाग्दो त्यस भुइँचालोले सेतुरामको घर पनि रूख ढल्केझैँ ढल्कन पुगेको थियो । त्यसैले केही दिनपछि उनले फेरि घर बनाए । त्यतिखेर जुद्धशमशेर महाराजले सबैलाई घर बनाउन ऋण दिएका थिए; तर सेतुरामले ऋण नलिई आफ्नै ढुकुटी फोरेर

घर बनाए । यसै प्रसङ्गमा सेतुरामकी कान्छी पुत्रबधू बालकुमारी प्रधानले भनेकी थिइन्– "छोराहरू ऋणमा भासिन्छन् भन्ने डरले उहाँले ऋण लिन चाहनुभएन ।"

सेतुरामको छोराछोरीप्रतिको भावनाका विषयमा सेतुरामकी कान्छी बुहारी बालकुमारी प्रधान बराबर ससुराको स्तुति गर्दै भन्ने गर्छिन्– "कसैका बाबुहरू छोराहरूलाई जानाजानै ऋण बोकाएर मर्ने पनि हुन्छन्, त्यस्ता बाबुआमा सारै थोरै हुन्छन् । कोही भने बाध्यतावश सन्तानलाई ऋण बोकाएर मर्छन्, त्यस्ता बाबुआमा भने धेरै हुन्छन् । तर बहुसङ्ख्याकै कुरो गर्ने हो भने छोराहरूलाई ऋण नबोकाई मर्नेहरूकै सङ्ख्या बढी हुन्छ । तथापि सन्तानहरूले आआफ्नो भोगअनुसार ऋणी बनेरै घरव्यवहार चलाउनुपर्ने हुन्छ । यसमा आफ्ना पुर्खालाई दोष दिन त मिल्दैन नै । तर मेरा ससुरा सेतुरामको विचार बेग्लै थियो । उहाँले सन्तानलाई ऋण बोकाई मर्न नचाहेझैँ उहाँको उद्यम र भाग्यले पनि जसोतसो आवश्यक कुरो जुराइदिएकै थियो ।" सेतुरामको घरव्यवहारबारे उनका सन्तानहरू गर्व गर्छन्; उनीहरूको सेतुरामबारे कुनै गुनासो नै देखिँदैन ।

सेतुरामको पसल भाडाको घरमा थियो । उनको पसलमा भरिभराउ मालसामान राखिएका हुन्थे । साथै उनको घरमा पनि बेचिने मालसामानका बेग्लै भण्डार थिए । उनको घरका कोठाचोटा सबै भाँडाकुँडाले भरिभराउ हुन्थे । यसरी उनलाई छेलोखेलै थियो भन्न सकिन्थ्यो ।

सेतुरामलाई भाँडापसलबाट प्रशस्तै लाभ हुन्थ्यो भन्ने उनकी जेठी छोरी मिठाईदेवीको भनाइ छ । यसै प्रसङ्गमा उनले भनेकी थिइन्– "मेरा बुबाको भाँडापसल भएअनुरूप मेरो बिहेमा भाँडाकुँडाहरूको थुप्रो लागेको थियो । पछि मेरी छोरी सुशीलाको बिहेमा पनि मैले तिनै भाँडाकुँडा दाइजो दिएकी थिएँ । छोरीको बिहेमा मैले एउटा थाल पनि किन्नुपरेन ।"

सेतुरामलाई सङ्गीत र व्यापार दुवै खूबै फापेको थियो । त्यस्तो नहुँदो हो त दुई नाउमा टेकेर उभिएको जलयात्रीको दुष्परिणति उनले भोग्नुपर्थ्यो । यस्ता सौभाग्यशाली मानिस थोरै हुन्छन् । कसैले छुँदा सुन पनि माटोमा परिणत हुन्छ, कसैले छुँदा माटो पनि सुनमा परिणत हुन्छ । त्यति वेलाचाहिँ सेतुरामले छुँदा माटो पनि सुनमा परिणत हुन्थ्यो र उनलाई खरानी पनि रानीमा परिणत हुने सौभाग्य प्राप्त थियो । त्यसैले उनी साहू, उस्ताद बन्न पाइरहे । यो उनको प्रबल भाग्यकै परिणति थियो ।

सेतुराम बाँचुन्जेल भाँडापसल चलि नै रह्यो । उनको शेषपछि भाँडापसल बन्द भयो । त्यसपछि उनका जेठा छोरा रामबहादुरले पसलमा कुनै चासो देखाएनन् । कान्छा छोरा बद्रीप्रसाद प्रधान सानै उमेरका थिए । उनलाई व्यापारव्यवसायको कुनै महत्त्व थिएन । त्यसैले पसल बन्द भयो र त्यहाँका सबै भाँडाकुँडा घरमै थन्के । पछिसम्म पनि त्यस घरमा भाँडाका चाङ देखिन्थे ।

# सेतुरामका गीतहरूको सूची

सेतुराम संवत् १९६५ मा आफ्नै स्वरमा गीत रेकर्डिङ गरेर ऐतिहासिक व्यक्तित्वमा दर्ता भए । उनले गीत गाउने क्रममा कोलकातामा गएर संवत् १९८६ सालसम्म गीत रेकर्ड गराएको देखिन्छ । सेतुरामले गाएका गीतहरूमध्ये 'नजर्मा राम प्यारा छन्' बोलको गीतको रचना मोतीराम भट्टले गरेका हुन् । तर उनका अन्य गीतहरूका रचनाकारहरू फेला परेका छैनन् । ग्रामोफोनको रेकर्डमा उनको स्वरमा आबद्ध गीतको सङ्गीतकार र गीतकारको उल्लेख भएको छैन । सङ्गीतअन्वेषक सुवि शाहको अनुमानअनुसार उनका गीतहरू प्राय: उनीद्वारा नै सङ्गीतबद्ध भएको हुनुपर्छ । तर रचनाकारबारे उनी पनि मौन छन् । सेतुरामको आफ्नो स्वरमा रेकर्ड भएका गीतहरू छन्–

| | रेकर्ड नं. | कम्पनी नं. | धारा | गीतको बोल |
|---|---|---|---|---|
| १. | एन ८४३ | ४५१४ वाइ | गजल | नजर्मा राम प्यारा छन् |
| २. | एन ८४४ | ४५२१ वाइ | निर्गुण | जाने छैन साथमा |
| ३. | एन ८४५ | ४५१७ वाइ | झ्याउरे | ए आमा सानीमा |
| ४. | एन ८४६ | ४५१५ वाइ | मुल्तानी | कसैको पनि रहनेछैन |
| ५. | एन ८४८ | ४५२९ वाइ | झ्याउरे | आज र जाऊँजाऊँ |
| ६. | एन ८४८ | ४५३३ वाइ | झ्याउरे | झलझली मैयाँ पातली |
| ७. | एन ८४९ | ४५१६ वाइ | मुल्तानी | अभागी रहेछ राम |
| ८. | एन ८४९ | ४५३२ वाइ | गजल | सम्झन्छु कृष्ण सधैँभरि |
| ९. | एन ८५० | ४५४० वाइ | निर्गुण | रामरतन धन भारी |
| १०. | एन ८५० | ४५४१ वाइ | निर्गुण | रे नर कहाँ थियो |

| | | | | |
|---|---|---|---|---|
| ११. | एन ८५१ | ४५४२ वाइ | विहाग | कसो गरी भेटूँ नन्दलाल |
| १२. | एन ८५२ | ४५३९ वाइ | देश | छिः ज्यानी तिमीले त |
| १३. | एन ८५५ | ४५६२ वाइ | हरिकीर्तन | अब लौ न सानी |
| १४. | एन ८५५ | ४५६३ वाइ | निर्गुण | यो भवसागर |
| १५. | कुकुरछाप | ४५१२ वाइ | स्तुति | श्रीभद्रकाली |
| १६. | कुकुरछाप | ४५१३ वाइ | स्तुति | प्रतापी |

सेतुरामले आफ्नो स्वरमा नेपालभाषाका गीत पनि संवत् १९६५ सालदेखि १९८६ सालसम्म नै रेकर्ड गरेका थिए । तर उनले पहिला नेपाली वा नेपालभाषा कुन गीत गाए त्योचाहिँ थाहा भएको छैन । सेतुरामले नेपालभाषाका गीत प्राय: आफै रचेको पनि हुन सक्छ भन्ने गरिन्छ । नेपालभाषाका गीतहरूमा सेतुरामले सङ्गीत पनि स्वयं सिर्जेका हुन् भनिन्छ । नेपालभाषाका गीतहरूका गीतकार र सङ्गीतकारहरू कोको थिए किट्न चाहिँ सकिएको छैन । सेतुरामले आफ्नै स्वरमा बाह्रवटा नेपालभाषाका गीत ग्रामोफोनमा रेकर्ड गरेका थिए–

| | **रेकर्ड नं.** | **कम्पनी नं.** | **धारा** | **गीतको बोल** |
|---|---|---|---|---|
| १. | एन ८४३* | ४५१८ वाइ | निर्गुण | गुगु जन्मय् हानं नाप लाये |
| २. | एन ८४४ | ४५२२ वाइ | विरहिणी | वने त्यल जि थनिं |
| ३. | एन ८४५ | ४५२० वाइ | | का रे निनिमाजु |
| ४. | एन ८४६ | ४५१९ वाइ | निर्गुण | परमात्मा मनय् |
| ५. | एन ८४७ | ४५३० वाइ | टप्पा | हाय गुमान यै धौ |
| ६. | एन ८४७ | ४५३१ वाइ | टप्पा होली | पने मते छैंय् वने |
| ७. | एन ८५१ | ४५४३ वाइ | विहाग | कसरीय विषय लंपाल |
| ८. | एन ८५२ | ४५३८ वाइ | | राजमति कुमति |
| ९. | एन ८५३ | ४५४६ वाइ | विरहिणी | ममजीया अछि दु:ख |
| १०. | एन ८५३ | ४५४७ वाइ | | हाय हाय राम |
| ११. | एन ८५४ | ४५४४ वाइ | मालश्री | कालिका जगदीश्वरी |
| १२. | एन ८५४ | ४५४५ वाइ | घाटु | वंह्म प्रभु गन व्याल |

* एउटै ग्रामोफोन रेकर्डको एकापट्टि नेपाली र अर्कापट्टि नेपालभाषाका गीत पनि रहेका छन् ।

# सेतुरामद्वारा गाइएका केही नेपाली गीत*

## यता हेऱ्यो यतै मेरा नजर्मा

यता हेऱ्यो यतै मेरा नजर्मा राम प्यारा छन्
उता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।

यसो भन्छौ त फूल्फूल्मा उसो भन्छौ त जल्थल्मा
जता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।

★

रसीलो रामको नाउँ भजन् तिन्को सधैँ गाऊँ
दरस् मो हर्बखत् पाऊँ दयालु राम प्यारा छन् ।

पियारा भै हरी मेरा सधैँ मन्मा गरुन् डेरा
सबै सन्सारले भन्छन् र मोतीराम प्यारा छन् ।

वा वा सेतुराम !

---

* सेतुरामका रेकर्ड गरिएका अट्ठाइस गीतहरूमध्ये ग्रामोफोनको रेकर्ड सुन्दा बुझेसम्म नेपाली भाषाका नौवटा गीतहरू प्रस्तुत गरिएका छन् । साथै सेतुरामद्वारा गाइएका केही लोकप्रिय गीतको स्वरलिपि पनि संलग्न गरिएको छ ।

★ मोतीराम भट्टद्वारा रचित प्रस्तुत गजलको नगाइएको अन्तरा–

**त्रिलोक् चौधै भुवन्माहाँ प्रभु व्यापक जहाँ ताँहाँ**
**कहाँसम्मन् भनूँ याहाँ, सबैमा राम प्यारा छन् ।**

## जाने छैन साथमा

जाने छैन साथमा कति माया जम्मा गर्छौ
जाने छैन साथमा
हरिशरण चित्त सदा राखी मनमा
कृष्णशरण चित्त सदा राखी मनमा ।

मौरीले जम्मा गऱ्यो धेरै मह घारमा
अरु आई लुटी लग्यो आँधीसरि भरमा
कति माया जम्मा गर्छौ जाने छैन साथमा
कति माया जम्मा गर्छौ जाने छैन साथमा ।

धन जन मोहको किन हुन्छौ वशमा
सपनामा देखेजस्तो हुनेछन् आखिरमा
कति माया जम्मा गर्छौ जाने छैन साथमा
कति माया जम्मा गर्छौ ।

# ए आमा सानीमा

ए आमा सानीमा !  टिपिदेऊ न सानीमा !
फूलको थुँगो खस्यो पानीमा ।

बसीबसी भरौँ भने गाग्रीभन्दा सानी
उठीउठी भरौँ भने कम्मर दुख्ने बानी
माया लै !
ए आमा सानीमा !  टिपिदेऊ न सानीमा !
फूलको थुँगो खस्यो पानीमा ।

जति खायो उति मीठो त्रिशूलीको पानी
ऐना हेरी कपाल कोर्ने बस्यो मेरो बानी
माया लै !
ए आमा सानीमा !  टिपिदेऊ न सानीमा !
फूलको थुँगो खस्यो पानीमा ।

ऐँसेलुको रूखमनि क्या मीठो पानी
हाँसीहाँसी मोहनी लाउने त्यो नानी
को थिई माया लै !
ए आमा सानीमा !  टिपिदेऊ न सानीमा !
फूलको थुँगो खस्यो पानीमा ।

## कसैको पनि रहनेछैन

कसैको पनि रहनेछैन गर्ज गुमान
कसैको पनि रहनेछैन गर्ज गुमान ।

चढ्नुपर्छ पहाडै ठूलो भरी आउँछ सास
भरतले राज्य गऱ्यो राम वनवास
नगर गुमान !

कसैको पनि रहनेछैन गर्ज गुमान
कसैको पनि रहनेछैन गर्ज गुमान ।

कोहीँ चाहिँ राजा काजी कोही चाहिँ प्रजा
पुनसको कमाई हेरी त्यही दियो दर्जा
नगर गुमान !

## आज र जाऊँजाऊँ

आज र जाऊँजाऊँ भोलि र जाऊँजाऊँ
पर्सि त जाइजाउँला लैबरिया लै ।

जान त जाउँला कलकत्तासम्म
बसौँला दिनभरि लैबरिया लै ।

प्रीति गर्नु तीन वर्षसम्म
छुट्नु है छिनघरि लैबरिया लै ।

सुन र चाँदी नाउँ मात्र रहेछ
ठूलो त प्रीति हो लैबरिया लै ।

आज र जाऊँजाऊँ भोलि र जाऊँजाऊँ
पर्सि त जाइजाउँला लैबरियालैमा ।

## झलझली मैयाँ पातली

झलझली मैयाँ पातली बोलाउँदा बोल्दैन
झलझली मैयाँ पातली बोलाउँदा बोल्दैन ।

सिरिमा सिरी बतासै लाग्यो सिरानको झ्यालैमा
नानी तिमीलाई बोलाउँदा बौल्दैन
झलझली मैयाँ पातली बोलाउँदा बोल्दैन ।

झ्यालमा बसी के खायौ नानी केराउ भुटेको
नानी तिमीलाई बोलाउँदा बोल्दैन
झलझली मैयाँ पातली बोलाउँदा बोल्दैन ।

बोलाउँदाखेरि नबोली बस्ने कस्तो है चाल तिम्रो
नानी तिमीलाई बोलाउँदा बोल्दैन
झलझली मैयाँ पातली बोलाउँदा बोल्दैन ।

# अभागी रहेछ राम

अभागी रहेछ राम ! कर्म मेरो
अभागी रहेछ राम ! कर्म मेरो ।

डालीमाथि हलेसिया शिशिरले फाँक
लौ खा भन्ने कोही छैन किन लाग्छ भोक
कर्म मेरो !
अभागी रहेछ राम ! कर्म मेरो ।

कोही चाहिँ इन्द्रासनमा म पापी नर्कमा
पियाराले दुख्ख पायौँ लैजाऊ बरु कालले
कर्म मेरो !
अभागी रहेछ राम ! कर्म मेरो ।

मरूँ भने कालै आएन बिख मैले खानु भएन
छोरीको त जन्म लिएँ बस्न मैले सकिनँ
कर्म मेरो !
अभागी रहेछ राम ! कर्म मेरो ।

## सम्झन्छु कृष्ण सधैँभरि

सम्झन्छु कृष्ण सधैँभरि
छुन पाऊँ मैले कसो गरी ?

हेरिजानु भो तेर्सो नजर गरी
मरिजानु छ मेरो रति सरी
सुन्छन् फगत ती बाँसुरी
मन रुन्छ मेरो घरिघरि ।

जब छोडी गई एक्लै हरि
कुब्जाका घरमा वास गरी
बसी रात बिताउँछ प्रेम गरी
त्यहीँ मोज गर्दछन् मनपरि ।

★

★ यस अन्तराका शब्दहरू ग्रामोफोनको रेकर्डबाट बुझिँदैनन् ।

## छिः ज्यानी ! तिमीले त

छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि
छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि !

धारापानी कुवापानी कुन पानी खाने हो
नेपाल जाने बाटो गढीले छेक्यो कुन बाटो जाने हो ?
छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि !

उँभो हेऱ्यो कालीमा लेख उँधो त वन छैन
उडी जाऊँ भने म पन्छी होइन बस्न त मन छैन
छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि !

छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि
छि: ज्यानी ! तिमीले त माया है माऱ्यौ नि !

# यता हेर्‍यो यतै मेरा नजर्मा

– सा सा रे । ऩि – सा – ॥ – म म प । म – ग रे ॥
– य ता ऽ । हे – र्‍यो – ॥ – य तै ऽ । मे – रा ऽ ॥

– म ग रे । सा – – सा ॥ रे – ग – । रे – सा- – ॥
– न ज र् । मा – – रा ॥ म – प्या – । रा – छन् – ॥

– सा सा रे । नि – सा – ॥ – म म प । म – ग रे ॥
– उ ता ऽ । हे – र्‍यो – ॥ – उ तै ऽ । मे – रा ऽ ॥

– म ग रे । सा – – सा ॥ रे – ग – । रे – सा- – ॥
– न ज र् । मा – – रा ॥ म – प्या – । रा – छन् – ॥

R – ध ध – । म- – ध- – ॥ – ध ध- – । नि- – ध प ॥
– य सो – । भन् – छौ – ॥ – त फूल् – । फूल् – मा ऽ ॥

– प प – । ध- म ग- – ॥ – रे ग- – । रे- ऩि सा – ॥
– उ सो – । भन् – छौ – ॥ – त जल् – । थल् ऽ मा – ॥

– सा सा रे । ऩि – सा – ॥ – म म प । म – ग रे ॥
– ज ता ऽ । हे – र्‍यो – ॥ – उ तै ऽ । मे – रा ऽ ॥

– म ग रे । सा – – सा ॥ रे – ग – । रे – सा- – ॥
– न ज र् । मा – – रा ॥ म – प्या – । रा – छन् – ॥

– म ग रे । सा – – सा ॥ रे – ग – । रे – सा- – ॥
– न ज र् । मा – – रा ॥ म – प्या – । रा – छन् – ॥

स्वरलिपि : **सुवि शाह**

# ए आमा सानीमा

R ग – रेग । – ग रे ॥ सा – ध । प – – ॥
ए – आऽ । – मा ऽ ॥ सा – नी । मा – – ॥
गग – रेग । – ग रे ॥ सा – ध़ । प़ – – ॥
टिपि – देऊ । – न ऽ ॥ सा – नी । मा – – ॥
प़– – ध़ । सा – रे ॥ ग – ग । रे – सा ॥
फूल – को । थुँ – गो ॥ ख – स्यो । पा – नी ॥
सा – – । – – – ॥
मा – – । – – – ॥ R

R – ग ग । रे – रे ॥ ग – प । प – प ॥
– ब सी । ब – सी ॥ भ – रौँ । भ – ने ॥
गा – रे । सा – ध़ ॥ प़ – प़ । – – – ॥
गा – ग्री । भ – न्दा ॥ सा – नी । – – – ॥ R

प़ – ध़ । सा – रे ॥ ग – ग । रे – रे ॥
उ – ठी । उ – ठी ॥ भ – रौँ । भ – ने ॥
ग – ग– । रे सा ध़ ॥ रे – रे । सा – ध़प़ ॥
क्र – मर । दु ख्ने ऽ ॥ बा – नी । मा – याऽ ॥
सा – – । – – – ॥
लै – – । – – – ॥ R ए आमा सानी मा

• स्वरलिपि : **सुवि शाह**

# आज र जाऊँजाऊँ

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| R | – | – | सा | रे | । | – | म | म | – | ॥ | प- | – | – | – | । | प- | – | – | – | ॥ |
| | – | – | आ | ऽ | । | – | ज | र | – | ॥ | जाउँ | – | – | – | । | जाउँ | – | – | – | ॥ |
| | – | – | रे | म | । | – | प | ध | – | ॥ | म | – | ग | – | । | रे- | – | – | – | ॥ |
| | – | – | भो | ऽ | । | – | लि | र | – | ॥ | जा | – | उँ | – | । | जाउँ | – | – | – | ॥ |
| | – | – | रे | ग | । | ग | – | रे | – | ॥ | ग | – | ध- | – | । | म | – | – | – | ॥ |
| | – | – | प | र | । | सि | – | त | | ॥ | जै | ऽ | जाउँ | – | । | ला | – | – | – | ॥ |
| | – | – | मग | रे | । | – | रे | ग | – | ॥ | सा | – | नी | – | । | ध | – | – | – | ॥ |
| | – | – | लै | ब | । | – | री | या | – | ॥ | लै | – | ऽ | – | । | – | – | – | – | ॥ |
| | – | – | रे | ग | । | ग | – | रे | – | ॥ | ग | प | ध | – | । | नी | – | – | – | ॥ |
| | – | – | प | र | । | सि | – | त | – | ॥ | जै | ऽ | जाउँ | – | । | ला | – | – | – | ॥ |
| | – | – | म | गरे | । | रेग | – | नी | – | ॥ | सा | – | – | – | । | – | – | – | – | ॥ |
| | – | – | लै | बरी | । | – | – | या | – | ॥ | लै | – | – | – | । | – | – | – | – | ॥ |

स्वरलिपि : **सुवि शाह**

# झलझली मैयाँ पातली

॥ सा – – – । – – सा रे ॥
॥ हा – – – । – – हा आ ॥
R ग–– ग म । ग – रे – ॥ ग – ध – । – – ध नी ॥
झल – झ ली । मै – याँ – ॥ पा – त – । – – ली ऽ ॥
प – – म॑ । ग – रे – ॥ ग – – रे । सा – – – ॥
बो – – ऽ । लाउँ – दा – ॥ बो – – ल् । दै – – – ॥
सा – – – । – – सा रे ॥
न – – – । – – हा आ ॥ R

R – – ग – । प – ध – ॥ सां – – – । सां – – – ॥
– – सि – । री – मा – ॥ सि – – – । री – – – ॥
– – नी – । नी – नी – ॥ ध – नी ध । प – – – ॥
– – ब – । ता – सै – ॥ ला – ऽ ऽ । ग्यो – – – ॥R

– – प ध । ध– – ध – ॥ प – – – । सां – नी ध ॥
– – सि – । रान – को – ॥ झ्या – – – । लै – ऽ ऽ ॥
प – – म॑ । ग – रे – ॥ – – सां – । – – नी धप ॥
मा – – ऽ । ना – नी – ॥ – – ति – । – – मी लाई ॥
– – ग – । रे– – रे– – ॥ ग – रे – । सा – सा – ॥
– – बो – । लाउँ – दा – ॥ बो – ल् – । दै – – – ॥
सा – – – । – – सा रे ॥
न – – – । – – हा आ ॥ झलझली मैयाँ

• स्वरलिपि : **सुवि शाह**

# छि: ज्यानी तिमीले त

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| R | सा | – | नीध | । | प | मं | ग | ॥ | रे | ग | रे | । | नी | सां | – | ॥ |
| | छि: | – | ऽऽ | । | ज्या | नी | ऽ | ॥ | ति | ऽ | मी | । | ले | त | – | ॥ |
| | ग | ग | ग | । | प | मे | ग | ॥ | रे | – | – | । | – | – | – | ॥ |
| | मा | या | है | । | मा | ग्यौ | ऽ | ॥ | नी | – | – | । | – | – | – | ॥ R |
| | रे | रे | रे | । | मे | मे | प | ॥ | प | नी | नी | । | नी | सां | – | ॥ |
| | धा | रा | ऽ | । | पा | नी | ऽ | ॥ | कु | वै | र | । | पा | नी | – | ॥ |
| | प- | प | प | । | नी | नी | सां | ॥ | रें | – | – | । | – | – | साँनी | ॥ |
| | कुन | पा | नी | । | खा | ने | ऽ | ॥ | हो | – | – | । | – | – | ऽऽ | ॥ |
| | नीनी- | नी | नी | । | नी | साँनी | – | ॥ | नी | सां | रें | । | सां | नी | धप | ॥ |
| | नेपाल | जा | ने | । | बा | टो | – | ॥ | ग | ढी | ले | । | छे | क्यो | ऽऽ | ॥ |
| | प- | य | ध | । | प | मे | ग | ॥ | रे | – | – | । | – | – | – | ॥ |
| | कुन् | बा | टो | । | जा | ने | ऽ | ॥ | हो | – | – | । | – | – | – | ॥ |

छि: ज्यानी तिमीले त – – – –

स्वरलिपि : **सुवि शाह**

# सेतुरामद्वारा गाइएका दुई नेवारी गीत[1]

## राजमति कुमति[2]

राजमति कुमति जिके वोसा पिरती
हाय बाबा राजामतिचा !

ख्वा धासा तुयु ख्वा ख्वाले निग ती दु
ताहा ननीया राजमतिचा !

तन्हि थकुं यां तायो दु चीरिथकुंया पायो दु
राजमतिया विजयकल्लि दु !

धिक्कार जनम राजमतिया करम
वैंसे भात मदुम्ह !

---

१ सेतुरामका रेकर्ड गरिएका बाह्र नेपालभाषाका (नेवारी) गीतहरूमध्ये ग्रामोफोनको रेकर्ड सुन्दा गीतका शब्द बुझेसम्म नेपालभाषाका दुईवटा गीतहरू प्रस्तुत गरिएका छन् । साथै जयकालिकाको स्वरलिपिसमेत पनि संलग्न गरिएको छ ।

२ यो सेतुरामले गाएको तत्कालीन समयको पनि प्रसिद्ध लोकगीत हो । सेतुरामको रेकर्ड नं. एन ८५२, कम्पनी नं. ४५३८ वाइमा यस गीतको गेडा बुझ्न सकिँदैन । त्यसैले सत्यमोहन जोशीकृत 'हाम्रो लोकसंस्कृति' नामक रत्न पुस्तक भण्डारद्वारा २०१४ सालमा प्रकाशित पुस्तकबाट यस गीतका केही अनुच्छेद ल्याइएको छ ।

# जयकालिका

जयकालिका जगदीश्वरी ॥

गलासे मुण्ड माला नाससे कुण्डल ।
हेल मन्तया दिधरी ॥

जयकालिका जगदीश्वरी ॥

मुकुट् लोओ अति क्रियाओ अजुगुठी ।
जननी निकट भयङ्करी ॥

जयकालिका जगदीश्वरी ॥

भूतसे तलकन जोगिनी तपोअन ।
आनन्द रचन जियानन ॥

जयकालिका जगदीश्वरी ॥

# जयकालिका

– ऩी – सा । रे म ग रे ॥ – ऩी – रे । सा – ऩी प़ ॥

– ऩी – सा । रे म ग रे ॥ – ऩी – रे । सा – ऩी प़ ॥
॥ – दि – श्व । री – ज य ॥

– ऩी – सा । रे म ग रे ॥ – ऩी – रे । सा – – – ॥
– का – ली । का ऽ ज ग ॥ – दि – श्व । री – – – ॥

– सारे म म । ग रे सा सा ॥ – रेम म म । प – मप धनीसां ॥
– गऽ ला से । मु ण्ड मा ला ॥ – नाऽ स से । कु – डल ऽऽऽ ॥

– पम म म । ग रे सा सा ॥ – रेम म म । प – मप धनीसां ॥
– गऽ ला से । मु ण्ड मा ला ॥ – नास से । कु – डल ऽऽऽ ॥

– म – म । ग- -रे रे रे ॥ – ऩी – रे । सा – ऩी प़ ॥
– हे – ल । मन् -ऽ त या ॥ – दि – ध । री – ज यं ॥

– ऩी – सा । रे म ग रे ॥ – ऩी – रे । सा – ऩी प़ ॥
– का – ली । का ऽ ज ग ॥ – दि – श्व । री – – – ॥

– ऩी – सा । रे म ग रे ॥ – ऩी – रे । सा – – – ॥
– का – ली । का ऽ ज ग ॥ – दि – श्व । री – – – ॥

स्वरलिपि : **सुवि शाह**

# सेतुरामको चोला समाप्त

उस्ताद सेतुराम उमेर छिप्पिँदै जाँदा गीतगायनबाट पनि ओझेल पर्दै गए । तर त्यस वेला उनी साझा मञ्चमा गीत नगाए तापनि आफ्नो घरमा चाहिँ गीत गाइरहने गर्थे । उनी युवावस्थामा जोस निकालेर गीत गाउने गर्थे, तर प्रौढावस्था कुल्चन थालेपछि उनको बाजागाजा बजाउनेदेखि गीत गाउनेसम्मको रहर हराउँदै जान थाल्यो । उमेरको उत्तरार्धमा पुगेपछि रोगसमेत जोडिनाले सेतुरामले पनि आफ्नो रहर सँगालिरहन पाएनन् । मनमा रहर भए पनि चाहेअनुसार गर्ने उनीभित्रको क्षमता हराउँदै जान थाल्यो ।



(दिवङ्गत हुनु केही महिनाअघि आदिगायक सेतुराम)

अशक्त उमेरमा पनि सेतुरामले फाट्टफुट्ट गीत गाउन भने छाडेनन् । उनी गीतसङ्गीतमा नै बाँचेका थिए । उनी गीत गाउँदागाउँदै नै बिरामी भए । जिब्रोमा घाउ भएर उनी १९९७ सालदेखि नै थला परेका थिए । त्यसै रोगले उनलाई मरणासन्न पनि बनायो । अन्ततः त्यसै रोगले उनलाई परमधाम पुऱ्यायो । उनी काठमाडौँको आफ्नै घर भोटाहिटीको कमलाक्षीमा स्वर्गीय भए । उनको भौतिक चोला संवत् १९९८ साल चैत ३० गते आइतबार वैशाख कृष्ण पक्ष द्वादशीका दिन समाप्त भयो ।

सेतुरामको निधनले त्यस वेला खैलाबैला मच्चायो । उनी राणादरबारदेखि गरिबका आँगनसम्म पनि प्रिय गायक थिए । उनको निधन हुँदा उनको घरवरिपरि अपार भीड जम्मा भयो । त्यो ठूलो भीडबीच उनका पत्नीहरू र छोराछोरीहरू रोइरहेका थिए । नेपाली सङ्गीतका आदिगायकको भौतिक चोला असामयिक रूपमा उठ्ता धेरैका आँखा रसाएका थिए, धेरैको मन रोएको थियो र धेरै सङ्गीतकर्मीले त आफूलाई एक्लो महसुस गरेका थिए । तर उनलाई कालको पन्जाबाट खोसेर फर्काउने सामर्थ्य कसैमा थिएन ।

सेतुराम स्वर्गीय भए तापनि उनको देन नेपाली धरतीमै अटल रूपमा रहिरहनेछ । वास्तवमा उनले त्यस वेला खनेको आधुनिक गीतको डोरेटो आज राजमार्गमा रूपान्तरित भइसकेको छ । त्यतिखेरको योगदानले गर्दा आज सेतुराम आदिगायकमा प्रतिष्ठापित भएका छन् । उनी नेपाली सङ्गीतका पारखीको धुकधुकीमा सधैँ बाँचिरहनेछन्, सधैँ नाचिरहनेछन् र सधैँ बोलिरहनेछन् :

**ए आमा सानीमा ! टिपिदेऊ न सानीमा !**
**फूलको थुँगो खस्यो पानीमा ।**